**जातीय विभेदको अन्त्य गरौं**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत १७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 31 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१०

## प्रधानमन्त्री रोजगार कार्यक्रम केही पालिकामा शुरू

# ठोरी गाउँपालिकामा सरकारले बजेट पठाएन

ओमप्रकाश चौधरी, सेढवा, १६ चैत/

पर्साका स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आउन थालेको छ।

एक महीनादेखि सखुवाप्रसौनी गाउँपालिकामा यो कार्यक्रम सञ्चालनमा छ भने जगरनाथपुर गापामा एक साताअघिदेखि शुरू गरिएको छ। अन्य पालिकाहरू पनि शुरू गर्ने तैयारीमा छन्।

जीराभवानी गापा अध्यक्ष अनोज चौधरीले आफ्नो पालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम छिट्टै शुरू हुने बताए। उनले पालिकाको कार्यालयमा कार्यक्रमसँग सम्बन्धित प्रक्रिया भइरहेको र केही दिनभित्रै कार्यक्रम सञ्चालन हुने बताए।

पटेर्वासुगौली गापा अध्यक्ष दिनेशकुमार चौधरीले कार्यक्रम सञ्चालनको तयारी भइसकेको र आवश्यक जनशक्ति छनोट भइसकेको बताए। पालिकाका वडा कार्यालयबाट आएका सिफारिशका आधारमा जनशक्ति छनोट गरिने र तत्कालै छनोट भएकालाई काममा लगाइने अध्यक्ष चौधरीले बताए।

कार्यक्रम सञ्चालनका लागि सरकारले स्थानीय तहलाई पठाएको बेरोजगार नागरिकहरूको तथ्याङ्कका आधारमा सशर्त अनुदान अन्तर्गत रकम निकासा गरेको हुन्छ। त्यसैलाई मापदण्डको आधार मानी जनशक्ति परिचालन गर्ने प्रावधान छ। यस कार्यक्रम



प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्य गर्दै मजदुरहरू। तस्वीरः प्रतीक

अन्तर्गत दैनिक पाँच सय रुपैयाँ ज्याला दिएर एक सय दिन कामकाज गराइन्छ।

ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठले सरकारले सो शीर्षकमा अनुदान नपठाएकोले कार्यक्रम सञ्चालन नगरिएको बताए। उनले सरकारले अनुदान पठाएको खण्डमा भने कार्यक्रम सञ्चालन हुने जानकारी गराएका छन्।

जगरनाथपुर गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्दनराय यादवले कार्यक्रम अन्तर्गत जनशक्तिलाई नाला, कुलो, सरसफाइ तथा बाटोघाटो मर्मतका लागि परिचालन गरिने बताए। यी सबै कामका लागि चैत महीनादेखि उपयुक्त समय भएकोले सरकारले सोही समयसीमा तोकेको अधिकृत यादवले बताए। उनले अहिले ज्यामी नियुक्त गर्दा निरन्तररूपमा एक सय दिन काम गराउन सकिने बताए।

# सिम्रौनगढमा लामो इतिहास रचेको रामनवमी मेला शुरू

रामेश्वर मेहता, सिम्रौनगढ, १६ चैत/

बाराको प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल सिम्रौनगढमा चैते नवमी मेला लागेको छ।

आज बिहानैदेखि कङ्काली मन्दिर परिसरमा रहेका देवस्थलहरूमा भक्तजनहरूको भीड लागेको थियो। यसपटकको मेला सुधारिएको अवस्थामा छ। कङ्काली मन्दिरको सौन्दर्यीकरणसँगै मेलामा सांस्कृतिक कार्यक्रम, झुला, खेल तमासा, परम्परागत नेटुवा नाँच, निश्शुल्क स्वास्थ्य शिविर, रासलीला, चैतावर प्रतियोगिताको व्यवस्थासँगै खानेपानी, बिजुली र सुरक्षासमेतको व्यवस्था मिलाइएको छ। रामनवमी मेला जसलाई चैते रामनवमी मेला पनि भनिन्छ। यहाँ विशाल रानीवास दरबार र रामजानकी मन्दिर भएकाले रामजन्म उत्सवको रामनवमी मेला र विशाल शक्तिपीठ कङ्कन काली (कङ्काली) मन्दिर भएकोले प्रत्येक वर्ष चैते दशैंको नवमीको दिन मेला लाग्दै आएको छ। दुवै मेला एकै शुभ मुहूर्तमा हुने भएकाले यो मेलाको ठूलो महत्त्व छ। यो मेला नेपाल र भारतको बिहार राज्यकै ठूलो मेलामध्ये एक हो।

करीब चार दशकदेखि लाग्दै आएको मेला अभिभावकविहीन थियो। जस कारण तीन महीनासम्म लाग्ने रामनवमी मेला तीन दिनसम्म मात्र लाग्दै आएको थियो। स्थानीय तह अन्तर्गत नगरपालिका गठन भएपनि जनप्रतिनिधिहरूले मेला




व्यवस्थापनमा चासो नलिएका कारण मेला भगवानभरोसे सञ्चालन हुँदै आएको थियो। तर यस वर्षदेखि वडाध्यक्षद्वय नन्दकिशोरप्रसाद जयसवाल र विवेक मेहताको सक्रियतामा मेला व्यवस्थित तरीकाबाट सञ्चालन भएको स्थानीयहरू बताउँछन्। वडाध्यक्ष जयसवालले आफ्नो कार्यकालमा मेला अवधि बढाएर बीस दिनसम्म पुऱ्याउने बताए। उनकै पहलमा यस वर्षदेखि तीन दिन लाग्ने मेला छ दिनको पारिएको छ।

प्राचीनकालदेखि चैते मेला लाग्दै आएको भएपनि यसको यकीन मिति थाहा नभएको वृद्ध शिवबालक महतो नुनिया बताउँछन्। पहिले तीन महीनासम्म लाग्ने यो मेला उत्तर थरुहट क्षेत्र पूर्व रौतहट र पश्चिम पचरौता कबही क्षेत्रको मुख्य बजार थियो।

यहाँबाट वर्षायामभरिका किराना, लत्ताकपडालगायतका आवश्यक सामग्रीहरू एकमुस्ट खरीद गरेर भण्डारण गर्ने प्रचलन थियो। मेला भर्न भारतका कलकत्ता, पटना, मुजफ्फरपुर र बेतियाका व्यापारीहरू पसल थाप्न आउँथे। उनीहरूले लत्ताकपडा, गहना, भाँडाबर्तन, फर्निचर, किरानालगायत मनोरञ्जनका साधनहरू थिएटर, सर्कस, म्याजिक शो, चलचित्र, प्रदर्शनी, नौटङ्की, मौतका कुवा, झुलाहरू साथमा लिएर आउँथे।

सन् १९६२ मा भोजपुरी साहित्यकार भखारी ठाकुरको नौटङ्कीसमेत यो मेलामा आएको स्थानीय जगदीश महतो बताउँछन्।

# आदिशक्ति सहोदरामाई मन्दिरमा दश दिने चैते रामनवमी मेला शुरू

ओमप्रकाश चौधरी, सेढवा, १६ चैत/

छिमेकी राष्ट्र भारतको बिहार राज्यको पश्चिमी चम्पारण जिल्लाको गौनाहा प्रखण्डको जमुनिया पञ्चायतमा ऐतिहासिक मन्दिर आदिशक्ति सहोदरामाई परिसरमा बिहीवारदेखि दश दिने चैते रामनवमी मेला लागेको छ।

देवाढ गाउँस्थित सहोदरामाईको मन्दिरमा प्रत्येक वर्ष रामनवमी अर्थात् चैते नवमीका दिनदेखि मेला लाग्दै आएको छ। यो मेलामा सहोदरामाईलाई पहिलो पूजापाठ गरेर बलि दिने कार्य नेपाली परिवारले गर्ने चलन रहिआएको छ। पहिलो पूजापाठ तथा बलि चढाउने कार्य पर्साको पटेर्वासुगौली गाउँपालिका–५ देउरियाका दहित परिवारबाट हुँदै आएको सो परिवारका महादेव दहितले बताए। ज्येष्ठताका आधारमा क्रमशः जगन दहित, शिव दहित, शङ्कर दहित, पलट दहित र अशोक दहितबाट पूजासहितको




पहिलो बलि दिइने उनले बताए। यी परिवारका अधिकांश सदस्य मङ्गलवार नै मन्दिरमा पुगेर पूजापाठका प्रक्रिया पूरा गरेका थिए भने आज बलिदान गरेपछि आम नागरिकका लागि पूजापाठ तथा बलिदान शुरू भएको महादेव दहितले बताए।

बिहानदेखि सहोदरामाईको भाखल अनुसार बोका, हाँस, कुखुरालगायतका जीवहरूको बलि चढाइएको छ।

ऐतिहासिक आदिशक्ति सहोदरामाई मन्दिरको उत्पत्ति आदिवासी थारू समाजको प्राचीन इतिहाससँग जोडिएकोले यस मन्दिरमा प्राचीनकालदेखि नै थारू पुजारी बस्ने गरेको जमुनियाका अमितकुमार चौधरी बताउँछन्। मन्दिरमा माताको दर्शनका लागि नेपालका पर्सा, बारा, रौतहट र चितवन जिल्लाबाट हजारौंका सङ्ख्यामा थारू र गैरथारू श्रद्धालु आउने गरेका छन्। कोभिडका कारण लकडाउन हुँदा दुई वर्ष मेला प्रभावित भएको थियो। तर सो अवधिमा पनि दहित परिवारका अगुवाहरूलाई आदिशक्ति सहोदरामाई मन्दिरमा पूजापाठका लागि प्रतिबन्ध लगाइएको थिएन।

# रामनवमीको अवसरमा जुलुस तथा शोभायात्रा




प्रस, परवानीपुर, १६ चैत/

वीरगंजमा आज रामनवमीको अवसरमा विभिन्न हिन्दूवादी सङ्घसंस्थाहरूले विशाल जुलुस तथा शोभायात्रा निकालेका छन्।

कुर्मी सेवा सदनको आयोजनामा बिहान ९ बजे शुरू भएको शोभयात्रा वीरगंज परिक्रमा गरी दिउँसो १ बजे रामगढवास्थित कुर्मी सेवा सदनमा पुगी समापन भएको सदनका अध्यक्ष अधिवक्ता सुरेन्द्रप्रसाद कुर्मीले बताए। उनले जुलुसमा कुर्मी समुदायसहित हिन्दू धर्मावलम्बीहरूको उल्लेख्य सहभागिता रहेको बताए। जुलुसमा सहभागीहरूलाई प्रसाद तथा भोजनको व्यवस्था रामगढवावासीले चन्दा उठाएर गरेका थिए।

जुलुसमा रु छ लाखभन्दा बढी खर्च भएको उनले बताए।

त्यसैगरी, वीरगंजमा सक्रिय विभिन्न हिन्दूवादी सङ्घ, सङ्गठनहरूले पनि छुट्टाछुट्टै जुलुस निकालेका थिए। 'जय श्रीराम' अङ्कित झन्डा तथा भगवान् हनुमानको तस्बिरसहितको झन्डा सहभागीहरूले बोकेका थिए।

## जगरनाथपुरमा मेला तथा कुश्ती

प्रस, परवानीपुर, १६ चैत/

वीरगंज–२२ जगरनाथपुरमा रामनवमीको अवसरमा मेला तथा कुश्ती प्रतियोगिता आयोजना भएको छ।

श्रीसिया खोलाको किनारमा रहेको काली मन्दिरको स्थानमा मेला लागेको




थियो भने स्वास्थ्य चौकी जगरनाथपुर नजीकको खाली खेतमा विराट दङ्गल (कुश्ती) प्रतियोगिता आयोजना भएको थियो। हरेक वर्ष रामनवमी र विजयादशमीको दिन वर्षमा दुईपटक काली मन्दिरमा मेला लाग्ने गरेको छ।

मेला पुरानो भए तापनि कुश्ती प्रतियोगिता केही वर्षदेखि आर्थिक समस्याका कारण हुन सकेको थिएन। तर यस वर्ष गाउँवासीको सहयोगमा भव्य कुश्ती प्रतियोगिता आयोजन भएको मेला समितिका सदस्य भूषण पटेलले बताए। कुश्ती प्रतियोगिताको उद्घाटन वडा नं २२ का अध्यक्ष द्वारिका महतोले गरेका थिए। कुश्ती प्रतियोगितामा नेपालका चर्चित पहलमान पारस थापा, भारत, पश्चिम बङ्गालका शैतान सिंहलगायत नेपाल र भारतका दर्जनौं पहलमानले कुश्ती खेल प्रदर्शन गरेका थिए।

# ठोरीमा फेरि बाघ आतङ्क

प्रस, ठोरी, १६ चैत/

डेढ सातापछि ठोरी गाउँपालिकामा फेरि गएराति पर्सा राष्ट्रिय निकुञ्जको बाघले एकजनाको गोठमा पालिएका बाख्राबाख्री मारेको छ।

चैत ७ गते निकुञ्जको जङ्गलबाट बस्तीमा प्रवेश गरेर घ्याङडाँडाका मिक्मर लामाका छवटा बाख्रा र एउटा पाडा मारेको थियो।

हिजो राति भने ठोरी गापा–४ मानेचोकका नवीन तामाङको गोठमा पसेर त्यहाँ पालिएका १४ वटा बाख्राबाख्री मारेको थियो। कुसुमवाटिका मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बुद्ध पाख्रिनले घटनाबारे पुष्टि गर्दै निकुञ्जलाई बाघ नियन्त्रण गर्न आग्रह गरे। उनले पटकपटक बाघ आएर जीवजन्तु मारेको र निकुञ्ज मूकदर्शक बनेको आरोप लगाए।

बस्तीमा जङ्गली जनावरको प्रवेश रोक्ने कार्य निकुञ्जको भएको बताउँदै अध्यक्ष पाख्रिनले बाघलाई समयमा नियन्त्रण नगर्ने हो भने यस क्षेत्रमा घट्ने सबै किसिमका घटनाको जिम्मेवारी निकुञ्जले लिनुपर्ने बताए। घटनाबारे स्थानीयले पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनलाई खबर गरेका र निकुञ्जबाट आएका सेनासहितको टोलीले बाघलाई धपाएको थियो।

## ज्येष्ठ नागरिक सङ्घको सूचना

**ज्येष्ठ नागरिक सङ्घ, पर्साको चौथो जिल्ला अधिवेशन तथा साधारणसभामा उपस्थितिका लागि यस सङ्घका सबै आजीवन सदस्यहरूलाई हार्दिक निमन्त्रण छ। (परिचयपत्र अनिवार्य चाहिन्छ)**

**कार्यक्रम**

**मिति : २०७९ चैत १७ गते शुक्रवार, समय बिहान ८:०० बजे**

**स्थान : ज्येष्ठ नागरिक पार्क, लक्ष्मणवा वीमनपा–१५**

(बिहान ८:00 बजे नाश्ता, ९:00 बजे उद्घाटन, तदनुपरान्त बन्दसत्र, खाना र समापन)

## विचारसार र सूक्तिहरू

**जब तपाईं जीवनमा सफलता प्राप्त गर्नुहुन्छ, तब तपाईंका मित्रहरूलाई थाहा हुन्छ तपाईं को हो; जब असफल हुनुहुन्छ, अनि थाहा हुन्छ तपाईंको मित्र को हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# अतिक्रमण हटाऔं

**वीरगंज महानगरपालिकाले अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने कार्यलाई प्राथमिकता दिएको छ । महानगर क्षेत्रका सरकारी, सार्वजनिक तथा वन एवं धार्मिक तथा प्राकृतिक सम्पदा क्षेत्रका जमीन कहींकतै कसैले निजीरूपमा प्रयोग गरिरहेका छ वा कब्जा गर्ने प्रयास गरेको छ भने दोषीलाई कारबाई गर्ने र अतिक्रमणमुक्त गर्ने आधिकारिक निकाय महानगरपालिका हो । सङ्घीय राजधानी काठमाडौं महानगरपालिकाले सञ्चालन गरेको अतिक्रमणविरुद्धको अभियान सर्वाधिक चर्चामा रह्यो । मुलुकका अन्य कतिपय पालिकाहरूले आआफ्ना क्षेत्रमा अतिक्रमणविरुद्ध अभियानहरू सञ्चालन गरिरहेका छन् । जिम्मेवार ओहोदामा बसेपछि जस र अपजस दुवै भोग्न पालिकाका पदाधिकारीहरू तयार हुनुपर्छ । तात्कालिक समर्थन वा असमर्थनभन्दा पनि पालिकाले गर्ने कामले परिणाम र दीर्घकालीन असर के पर्छ भन्ने प्रमुख कुरा हो । सामाजिक स्वार्थमा केन्द्रित रही गरेको कामलाई तत्काल कसैले विरोध जनाए पनि ती विरोधीको अन्तर्मनमा समेत 'काम त सही नै हो' भन्ने महसूस भइरहेको हुन्छ । जब अभियानकर्ताको विवेकले सही ठहर गर्छ र विरोध गर्नेको अन्तर्मनमा पनि 'सही हो' भन्ने आभास पार्न सकिन्छ भने सबैभन्दा राम्रो काम त्यही हो ।**

**आफ्नो काम, कर्तव्य र अधिकार तथा जिम्मेवारीबारे ज्ञान नहुनु वा पूरा गर्न नसक्नु अक्षमता हो । स्थानीय तह संवैधानिकरूपमा कार्यकारी अधिकारसम्पन्न सरकार हो । यसको काम, कर्तव्य र अधिकारहरू स्पष्ट छन् । 'नेपालको संविधान–२०७२' ले स्थानीय तहलाई २२ वटा एकल अधिकार दिएको छ भने सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा १५ वटा अधिकार छन् । संविधानको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको 'स्थानीय तह सञ्चालन ऐन–२०७४' को दफा–११, उपदफा–२ 'क' अन्तर्गत बुँदा नं २ 'छ'मा 'सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा' उल्लेख गरिएको छ । त्यसैगरी २ 'ट'मा 'अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण' उल्लेख छ । ऐन वमोजिम स्थानीयस्तरमा वन, वन्यजन्तु, मुहान, खानी क्षेत्र संरक्षण र व्यवस्थापनको जिम्मेवारी पालिकालाई छ । कार्यान्वयनका कतिपय अवस्थामा सङ्घ र प्रदेशलाई समन्वय गर्नुपर्ने पनि हुन्छ ।**

**वन मास्न वडाध्यक्ष नै सक्रिय रहेको आरोपमा डिभिजन वन कार्यालय, बाराले एकजना वडाध्यक्षलाई नियन्त्रणमा लिएको घटना तातै छ । कानूनविपरीतका कार्यमा संलग्न जोकोहीलाई छुट दिइनुहुन्न । पालिका पदाधिकारी त झन् रक्षकको जिम्मेवारीमा छ । यदि राजनीतिक दाउपेच वा खुट्टा तान्ने प्रवृत्तिले आरो लगाइएको छ कि भन्ने बारेमा निष्पक्ष छानबीन हुनुपर्छ । नत्र 'आज सासूको पालो भोलि बुहारीको पालो' चरितार्थ हुन सक्छ । सडक, वनलगायत सामाजिक तथा राष्ट्रिय सम्पत्ति जोगाउन वर्तमान अवस्थामा पालिकाका पदाधिकारीहरूको जवाफदेहिता सर्वसाधारणको भन्दा बढी छ । तर बारा, पर्साका अधिकांश पालिका आफ्नो जवाफदेहिताबाट बेखबर छन् । सडक मिचिएका छन्, पोखरी, इनार, मुहान वेपत्ता छन् । मठ, मन्दिर तथा धार्मिकस्थल र सार्वजनिक चोक, चौतारा, चौरहरू मासिँदैछन् । जङ्गल सीमा जोडिएका पालिकाहरूमा वन अतिक्रमण छ । फेरि पनि पालिकाका पदाधिकारीहरू अक्षमता प्रदर्शन गरिरहेका छन् ।**

# बारा उपचुनाव र मधेसी राजनीति

स्वतन्त्र विचार




**श्रीमन्नारायण**

an_shriman@yahoo.com


**मधेसको मुद्दालाई लिएर एकजुट हुने प्रयास गरी समस्याको समाधान गराउने, संविधान संशोधन गराउने, आर्थिक विकास गराउनेलगायतका काम गर्नुपर्नेमा जातिवादको नारा बुलन्द भइरहेको छ । समाजमा जातीय उन्माद खडा गर्ने काम भइरहेको छ ।**

करीब एक महीनापश्चात् देशका विभिन्न तीन सङ्घीय संसदीय निर्वाचन क्षेत्रमा उपनिर्वाचन हुन गइरहेको छ । राष्ट्रपति रामचन्द्र पौडेलको राजीनामापश्चात् रिक्त भएको तनहुँ, पूर्वगृहमन्त्री रवि लामिछानेको सांसद पद गुमेपछि रिक्त भएको चितवन र उपराष्ट्रपतिमा निर्वाचित भएपछि रामसहाय यादवको राजीनामापश्चात् रिक्त भएको बारा–२ मा उपनिर्वाचन हुन गइरहेको छ । तनहुँ र चितवनमा सम्भवत: सत्ताधारी गठबन्धनबीच समन्वय भई साझा उम्मेदवारको घोषणा हुन सक्ने सम्भावना रहेको छ । जबकि बारा–२ मा भने सत्ताधारी गठबन्धनमा सामेल सबै मधेसी दलले आआफ्नो उम्मेदवार खडा गर्ने सम्भावना छ ।

नेपाल सद्भावना पार्टी कमजोर भएसँगै मधेसी राजनीतिमा जातिवादले प्रश्रय पाएको छ । मत लिने बेलामा जातिवाद र चुनावपछि परिवारवादमा सीमित हुने चरित्र पनि मधेसी दलहरूमा विकसित भएको छ । महन्त ठाकुर, राजेन्द्र महतो, उपेन्द्र यादव र अब डा चन्द्रकान्त राउत सबैजना जातीय नेता नै हुन् र जातिवाद तथा परिवारवादलाई नै बढावा दिइरहेका छन् । मधेसी राजनीतिलाई वैश्यवादको आवरण दिने राजेन्द्र महतो, उपल्लो र तल्लो जातको नारा दिने महन्त ठाकुर, यादववादको नारा दिने उपेन्द्र यादव र गैरयादव अथवा पचपौनियावाद (एकल जातिविरुद्ध बहुजाति एकता)को नारा दिने डा राउतले मधेसी राजनीतिलाई तिलाञ्जलि दिई जातिवादलाई शीर्षमा राखेका छन् ।

उपरोक्त नेताहरूमध्ये कुनै एकको एक्लो प्रयासबाट मधेसीका एउटा पनि राजनीतिक मागको सम्बोधन भएको छैन । तराई–मधेसका बेरोजगार युवाको दयनीय आर्थिक अवस्थाबाट लाभ लिनलाई झूटो आश्वासन दिएर आफ्नो अगाडिपछाडि गर्न बाध्य पार्ने र तिनीहरूबाट आफूलाई मसिहा अथवा देवता भन्न रुचाउने उपरोक्त नेताहरू नै यथार्थमा मधेसका असली समस्या हुन् । बारा–२ मा भइरहेको उपनिर्वाचन जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको भागीरथ प्रयत्नबाट रिक्त भएको क्षेत्र हो । नेपालको वर्तमान राजनीतिमा मन्त्री अथवा निर्वाचित नरहे गाउँघरका मानिससमेतले कसैलाई पनि नेता मान्दा रहेनछन्, यस्तो अवस्थामा उपेन्द्र यादव पनि विगत चार/पाँच महीनादेखि सांसदविहीन अवस्थामा छन् । उनी सांसद रहे, नरहे देश र जनताका लागि त फरक पर्दैन तर स्वयम् उनको लागि भन्ने अवश्य पनि फरक पर्छ । विनापद यहाँ कसैलाई नेता मान्न पनि तयार हुँदैनन् । यादव पहिले मोरङ, त्यसपछि सुनसरी र सप्तरी हुँदै अब बारा आउँदैछन् । राजेन्द्र महतो पनि अहिले उनी जस्तै पदविहीन अवस्थामा छन् । हिजोसम्म आफूलाई केवल धोती मात्रै होइन, टोपीका पनि नेता मान्दै आएका उनले तनहुँ र चितवन जाने अवस्था देखिंदैन । बारामैं अलिकति सम्भावना देखिन्छ । जेहोस्, आफ्नो इमानदारिता, सरलता, सज्जनता र सौम्य स्वभावबाट सिञ्चित गरेर बाराको २ नम्बर सङ्घीय संसदीय क्षेत्रलाई सुरक्षित बनाएका उपराष्ट्रपति रामसहाय यादवको राजीनामापश्चात् रिक्त यस क्षेत्रको उपनिर्वाचनमा पैसाको खोलो होइन बाढी नै बग्ने सम्भावना देखिन्छ । भोलिका दिनमा बाराका कुनै सर्वसाधारणले यहाँबाट चुनाव जित्न गाह्रो हुनेछ । उपेन्द्र यादवको नाम सुन्ने बित्तिकै उनलाई हराउन डा राउतले पनि आफ्नो पार्टीबाट उम्मेदवारी दिनु दुर्भाग्यपूर्ण हो । उपेन्द्र यादव र राजेन्द्र महतो जस्ता व्यक्ति सङ्घीय संसदमा हुनुपर्छ, यसमा दुईमत हुने ठाउँ छैन । यदि जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीमा अनुशासन तथा नेतृत्वप्रति आस्थाको भाव भएको भए कुनै निर्वाचित सांसदले स्वत: नै आफ्ना प्रिय नेताका निम्ति ठाउँ छाडिदिने थिए । तर जहाँ व्यक्तिको पहिचान, सम्मान र सत्कार नै पद र पैसाबाट मात्रै हुने गर्दछ, त्यहाँ किन कोही कसैको निम्ति आफ्नो निर्वाचित पद छाडोस् ?

बारा–२ को उपनिर्वाचन धेरै अर्थमा महत्त्वपूर्ण छ, किनभने प्रतिनिधिसभामा अहिले जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र जनमत पार्टी तीनवटैको प्रतिनिधित्व भइरहेको छ । तीनवटै दलले प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई आफ्नो समर्थन पनि दिएका छन् । सरकारमा सामेल पनि भएका छन्, प्रादेशिक सरकारमा पनि सामेल छन् । तसर्थ उपरोक्त तीनवटै दलले पहिचान गरेका मधेसी समस्याहरूको समाधानका लागि एकजुट प्रयास पनि गर्न सक्नेछन् । संविधानको संशोधन पनि गराउन सक्नेछन् । जनमतको घोषणा अनुसार अब तराई–मधेसका १० लाख युवाले रोजगार पनि पाउनेछन् । महन्त ठाकुरको दाबी अनुसार मधेसीहरूले प्रभुसत्ता पनि पाउनेछन् । उपेन्द्र यादवको मनमा रहेका सबै समस्याको पनि समाधान हुनेछ अर्थात् संविधान संशोधनसित सम्बन्धित सबै मुद्दाको छिनोफानो अब सहज र सरलरूपमा हुन सक्नेछ किनभने अहिलेको सरकार भनेको दुई तिहाइ बहुमतको सरकार हो । प्रतिनिधिसभामा डा राउत पनि छन्, महन्त ठाकुर र शरद्सिंह भण्डारी पनि छन्, अशोक राईलगायतका नेताहरू पनि छन् । बारा–२ को उपनिर्वाचनमा उपेन्द्र यादवले नै चुनाव जित्ने सम्भावना देखिन्छ । यादव बाहुल्य मतदाता रहेको यस निर्वाचनमा तीन/चार जना यादव उम्मेदवार भएमा मात्रै उपेन्द्र यादवलाई समस्या हुनेछ । बाराबाट नै उपराष्ट्रपति र मधेस प्रदेशका मुख्यमन्त्री पनि रहेका कारण बारा–२ का मतदाताले उपेन्द्र यादवलाई आफ्नो समर्थन जनाउने सम्भावना बढी देखिन्छ । तर एउटा वर अथवा पीपलको रूखमुनिससाना बिरुवा नउम्रिएजस्तै उपेन्द्र यादवले चुनाव जितेमा भोलिका दिनमा बाराका स्थानीय नेताहरूले सम्भवत: प्रगति गर्न सक्ने सम्भावना र हुँदैन । नेपाली काङ्ग्रेसका दिग्गज मधेसी नेता राधेचन्द्र यादवको पनि यो गृह निर्वाचन क्षेत्र हो । तसर्थ नेपाली काङ्ग्रेस पनि आफ्नो यस गढ अथवा किल्लालाई भत्किन दिने प्रयास गर्नेछैन ।

जनमत पार्टीका अध्यक्ष डा राउतले बारा जिल्लामा आयोजित आफ्नो पार्टीको एक कार्यक्रममा बाराकै प्रत्याशीलाई यहाँका जनताले जिताउनुपर्ने टिप्पणी गर्नु दुर्भाग्यपूर्ण हो किनभने देशको संविधानले २५ वर्ष उमेर पूरा गरेका कुनै पनि नागरिकलाई नेपालको १६५ वटै सङ्घीय संसदीय क्षेत्रबाट चुनाव लड्ने अधिकार प्रदान गरेको छ । मतदाता मात्रै सम्बन्धित क्षेत्रको हुनुपर्दछ । प्रदेशसभामा सम्बन्धित प्रदेशका, गाउँपालिका र नगरपालिकामा सम्बन्धित गाउँपालिकावासी र नगरपालिकावासीलाई तथा वडाध्यक्ष र सदस्यमा वडावासीलाई उम्मेदवार हुने अधिकार प्रदान गरेको छ । ठीक छ, अहिले डा राउतले सप्तरीमा उपेन्द्र यादवलाई पराजित गरेका छन् तर आजन्म उहाँ नै त्यहाँबाट चुनाव जित्ने होइनन् । डेढ दशकअघि मधेसको राजनीतिमा पनि उपेन्द्र यादवको बाक्लो प्रभाव थियो र उनको पार्टीले पहिलो संविधानसभाको निर्वाचनमा नेकपा एमालेकै हाराहारीमा प्रत्यक्षतर्फ चुनाव जितेको थियो । डेढ दशकमा उनको पार्टीले जनतासामु गरेका वाचा र प्रतिबद्धताहरूलाई पूरा गर्न सकेन । जातिवादलाई बढावा दियो । सत्तालाई प्राथमिकता दियो, मधेसका मुद्दालाई तिलाञ्जलि दियो । आफ्नो राजनीतिक मुद्दाबाट पछाडि हट्ने ममिलामा डा राउत त उपेन्द्र यादवभन्दा अग्रपङ्क्तिमा देखिन्छन् । आत्मनिर्णयको अधिकारसहित समग्र मधेस प्रदेशको नारा दिने उपेन्द्र यादवले न पूर्वी, न पश्चिमी, न मध्य मधेस प्रदेश नै बनाउन सके । धोती होइन, लङ्गौटी प्रदेशलाई सहर्ष स्वीकार गरे । यस प्रदेशमा आर्थिक, सामाजिक र राजनीतिकरूपले पनि यादव जाति नै सबल छन् र उसको प्रधानता, महत्त्व र वर्चस्व रहिरहनेछ । शायद त्यही भएर होला, नेपाली काङ्ग्रेस, नेकपा एमाले र जनमत पार्टीले पनि यादव जातिका नेतालाई मधेस प्रदेशमा विधायक दलको नेता बनाएका छन् । यादवको डर देखाएर महन्त ठाकुर, राजेन्द्र महतो र डा राउतले मधेसका मतदातालाई आफूतिर आकर्षित गराउने काम गरिरहेका छन् । यादव फोबियाले ग्रसित व्यक्ति आफूलाई मधेसवादी कसरी भन्न सक्छ ? उपेन्द्र यादव पनि गैरयादव र उपल्लो जाति, मुसलमान, वैश्य र अतिपिछडिएका जाति, यस प्रदेशमा हाबी हुने नाममा गैरयादव फोबिया देखाउने काम गरिरहेका छन् । यो फोबिया निकै खतरनाक हुने गर्दछ । मधेसको मुद्दालाई लिएर एकजुट हुने प्रयास गरी समस्याको समाधान गराउने, संविधान संशोधन गराउने, आर्थिक विकास गराउनेलगायतका काम गर्नुपर्नेमा जातिवादको नारा बुलन्द भइरहेको छ । समाजमा जातीय उन्माद खडा गर्ने काम भइरहेको छ । कथित मधेसी नेताहरू मधेसी समस्याको समाधानका लागि एक ठाउँमा बसेर छलफल गर्न सक्दैनन् । प्रधानमन्त्री प्रचण्ड, नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले पद र मन्त्रालयको भागबन्डामा बोलाउँदा मात्र यिनीहरू एक ठाउँमा उभिएका पाइन्छन् ।

बाराको उपचुनावले विजयश्री जसलाई बनाए पनि प्रदेशमा जातीय ध्रुवीकरण अझै तीव्र हुने र यसले समाजमा विद्वेष नै बढाउनेछ । साथै मधेसी राजनीतिमा नयाँ आयाम पनि थप्न सक्नेछ ।

# एसइईको तयारी पूरा, करीब पाँच लाख सहभागी हुँदै

भक्तपुर, १६ चैत/रासस

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ । भोलि बिहान ८ बजेदेखि देशभर एकैसाथ शुरू हुने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

"परीक्षाका सबै तयारी पूरा भइसकेको छ, ७७ वटै जिल्लाका सबै जिम्मेवार निकायसँग अनलाइनमार्फत बैठक सम्पन्न भएको छ," उनले भने ।

उनले सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ति, सुरक्षा व्यवस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तरपुस्तिका पुऱ्याउनेलगायतका सबै काम सकिएको जानकारी दिए ।

**करीब पाँच लाख परीक्षार्थी**

एसइईका सहभागिता जनाउनका लागि यस वर्षका लागि परीक्षामा सहभागी हुन २०७८ मा कक्षा नौमा रजिस्ट्रेशन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५९१ जना रहे पनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवदेन दिनेमा कुल चार लाख ८४ हजार २२७ जनाले फाराम भरेका थिए । परीक्षा नियन्त्रक श्रेष्ठका अनुसार कक्षा ९ बाट १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेका जानकारी दिए ।

परीक्षामा सबैभन्दा धेरै वाग्मती प्रदेशमा एक लाख छ हजार ९५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार ३२९ परीक्षार्थी सहभागी हुँदैछन् । प्राविधिक धारतर्फ करीब १५ हजार विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । परीक्षामा संस्कृत विषय पढाइ हुने ६५ विद्यालयका दुई हजार ९८२ विद्यार्थी र ५० जना दृष्टिविहीन परीक्षामा सहभागी हुँदैछन् ।

यस वर्ष सात हजार दुई सय सामुदायिक र चार हजार ५६४ संस्थागत गरी ११ हजार ८२९ विद्यालय एसइईमा सहभागी हुँदैछन् । परीक्षाका लागि देशका ७७ जिल्लामा दुई हजार ३६ परीक्षा केन्द्र र जापानमा एक गरी कुल दुई हजार ३७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए ।

त्यस्तै, वाग्मती प्रदेशमा सबैभन्दा बढी ४३४ परीक्षा केन्द्र र कर्णाली प्रदेशमा सबैभन्दा कम १७९ परीक्षा केन्द्र कायम गरिएको छ । कोशी प्रदेशमा ३७८, मधेस प्रदेशमा २७९, गण्डकी प्रदेशमा २२३, लुम्बिनी प्रदेशमा ३३४ र सुदूरपश्चिम प्रदेशमा २०९ परीक्षा केन्द्र निर्धारण गरिएका छन् ।

**तस्बिर लिन निषेध**

परीक्षा केन्द्रमा अत्यन्तै सीमित, आवश्यक र तोकिएका व्यक्ति परीक्षा समितिको अनुमति लिएर मात्रै अनुगमन गर्न पाइने भएको छ । परीक्षा हलभित्र कुनै पनि तस्बिर लिन नपाइने भएको छ । यसपटक सञ्चारकर्मीलाई पनि परीक्षा केन्द्रको बाहिरका गतिविधिहरूको तस्बिर लिन पाइने तर परीक्षा शुरू भएपछि परीक्षा हलभित्र गएर तस्बिर लिन नपाइने व्यवस्था गरिएको छ ।

अनुगमन तथा तस्बिर लिने नाममा परीक्षा हलभित्र मानिस पस्दा विद्यार्थीको मनोबल गिर्छ, परीक्षार्थीलाई अवरोध हुनेगरी तस्बिर लिंदा, विद्यार्थी टोलाउने, को आयो भनेर हेर्दा लेखिरहेको उत्तर पनि बिग्रने सम्भावना र गुनासा आएकाले यस वर्ष परीक्षा हलभित्र तस्बिर दिन नपाइने व्यवस्था गरिएको हो ।

**७८ हजार जनशक्ति**

एसइईका लागि देशभरका परीक्षा केन्द्रमा ७८ हजार जनशक्ति परिचालन हुने भएका छन् । प्रत्येक परीक्षा केन्द्रमा परीक्षा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक, सुरक्षाकर्मी, कर्मचारी, सहयोगी गरी करीब ७८ हजार जनशक्ति परिचालन हुनेछन् ।

यस वर्षको परीक्षामा ५० लाख सेट प्रश्नपत्र छपाइ गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डले प्रदेशगतरूपमा फरकफरक सेट प्रश्नपत्र छपाइ गरी सोही अनुसार ढुवानी गरिएको हो । विद्यार्थीको अनुपातमा करीब १० प्रतिशत बढी प्रश्नपत्र छपाइ भएको जनक शिक्षा सामग्री केन्द्रले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## मिटरब्याज : समस्या र समाधान

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**मिटरब्याज समस्या चर्को ब्याजदरको कारण गम्भीर समस्या हुन पुगेको हो। अनियन्त्रित ब्याजको कारण दुःखदायी हुन पुगेको हो। बेइमानीको कारण ठूलो समस्या हुन पुगेको हो। प्रकृतिको हिसाबले यो आफैंमा नराम्रो भने होइन। यसलाई व्यवस्थित गर्न सकियो भने ग्रामीण क्षेत्रमा हुने कोष प्रवाहलाई यसले व्यवस्थित पार्न सक्छ।**

मिटरब्याज समस्या चर्केसँगै केही तथ्यहरू सतहमा आएका छन्, जुन ज्यादै गम्भीर छन्। यिनको मूल्याङ्कन र सूक्ष्म विश्लेषण गर्न आवश्यक छ। मिटरब्याज समस्या सामान्य भने होइन। यसले देशको अर्थव्यवस्थासँग समेत सम्बन्ध राख्छ।

मिटरब्याज समस्या मुख्यगरी तराई क्षेत्रमा गम्भीररूपमा देखिएको छ। अर्थात् यो क्षेत्रीय समस्याको रूपमा देखिएको छ। क्षेत्रीय समस्या भएकोले यो समस्याको समाधन प्रदेश सरकारले गर्नुपर्थ्यो। तर गरेन। हातमा हात राखेर बस्यो। जब क्षेत्रीय समस्या प्रदेश सरकारले स्थानीयस्तरमा समाधान गर्दैन भने प्रदेश सरकार हुनुको कुनै अर्थ रहँदैन। जनताले प्रदेश सरकारका पदाधिकारीहरूलाई आफ्नो कमाइ (कर भुक्तान गरेर) खुवाएर किन पाल्ने भन्ने प्रश्न स्वतः उठ्न थाल्छ। यी तथ्यहरूको आलोकमा सङ्घीयता नेपालको लागि केवल एक आर्थिक बोझ हो भन्ने तथ्य मिटरब्याज समस्याले यसरी सतहमा ल्याएको छ।

मिटरब्याज समस्याले सतहमा ल्याएको अर्को तथ्य हो, हाम्रो समाजले क्रूरता र स्वार्थीपनको सीमा नाघ्दैछ। ऋण दिने केही व्यक्तिहरू अति स्वार्थी एवं हृदयहीन देखिए। उनीहरूले ऋण लिनेलाई आफूले दिएको ऋणको भारले थिच्न लगाएर, घरवारविहीन तुल्याएर मृत्युको मुखसम्म पुऱ्याउँदा पनि, उनीहरूको हृदयमा कुनै पनि किसिमको दया पलाएन। यो त स्वार्थीपन, हृदयहीनता र नीचताको फोहर उदाहरण हो। यस्तो घटना संसारमा नै विरलै देख्न पाइन्छ। आफूले दिएको ऋणको भारले थिच्न लगाएर कसैलाई मार्ने स्थितिमा पुऱ्याउनु हृदयहीनताको पराकाष्ठा हो।

केही ऋणदाताहरूले आफूले दिएको ऋणको ब्याज, ब्याजको ब्याज, पुनः ब्याजको ब्याज लिएको र एक वर्षको लागि दिएको रु एक लाखको ऋणलाई वर्षको अन्त्यमा सात वा आठ लाख बराबरको नयाँ ऋण बनाएको सुनियो। समाचारहरूमा सुनिएका यस किसिमका समाचारहरू सही हो भने त्यस किसिमले ऋण वृद्धि गर्नेलाई समाजले एक हत्यारा सरह हेर्नुपर्ने हुन्छ। यसैगरी, ऋण दिंदा पनि केही ऋणदाताहरूले अनेक किर्ते र गैरकानूनी कार्यहरू गरेका पाइयो।

केही राजनीतिक दल, तिनका नेता र कार्यकर्ताहरू कतिसम्म हृदयहीन हुन पुगेका छन् कि मिटरब्याज जस्तो अति गम्भीर समस्यालाई एक सुन्दर मौकाका रूपमा हेरिरहेका छन्। र यो समस्याबाट कसरी राजनीतिक र आर्थिक फाइदा लिन सकिन्छ, त्यो दाउ हेर्दैछन्। सङ्लो पानीलाई हिलो पारेर माछा मार्न खोजिरहेका छन्। सयौं परिवारलाई दरिद्र पार्ने, उनीहरूको आँखाको निद्रा हरण गर्ने र बाँच्नु न मर्नु स्थितिमा पुऱ्याउने मिटरब्याज समस्यामा पनि यी नेता र तिनका कार्यकर्ताहरू अवसर देखिरहेका छन्, आफ्नो स्वार्थ देखिरहेका छन्। नेता र तिनका कार्यकर्ताहरूको चेतना र चिन्तन दुवै फोहर र बेइमान भइसकेको प्रस्ट तथ्यको यो एक बलियो उदाहरण हो। मिटरब्याज समस्याले सतहमा ल्याएको यो अर्को घीनलाग्दो तथ्य हो।

मिटरब्याज समस्याले सतहमा ल्याएको अर्को एक तर ज्यादै महत्त्वपूर्ण तथ्य हो, हाम्रो समाजबाट मानवताले बिदावारी माग्न खोजिरहेको देखा पर्नु। देशभित्र रहेका सङ्घसंस्थाहरूले यो समस्या समाधन गर्न कुनै पनि किसिमको तत्परता देखाएका छैनन्। नागरिक समाजले पनि यो समस्याको समाधानका लागि केही गर्ने तत्परता देखाएको छैन, मात्र गरेको के छ त भने सरकारको आलोचना गर्नु। राजनीतिक दलको आलोचना गर्नु। तर समस्या समाधानका लागि पहल गरेको छैन।

मिटरब्याज समस्या एक जटिल समस्या हो। यसलाई ऋण दिने र ऋण लिने दुवैको हितको कसीमा राखेर हेर्नुपर्छ। अर्थात् ऋणदाताको योगदानलाई पनि हेर्नुपर्छ। ऋण प्राप्तकर्ताको हितमा यो प्रथा कति उपयोगी छ, त्यो तथ्य पनि विचार गर्नुपर्छ।

व्यक्ति वा परिवारहरूले आर्थिक कारोबार गर्नका लागि बजारमा नगदको प्रवाह हुन आवश्यक छ। नगदको प्रवाह गर्ने कार्य ऋणदाताहरूले गर्छन् भने वर्तमानको खाँचो टार्न अहिले हातमा कोष (पैसा) नभए तापनि भोलि आम्दानी वा प्राप्ति हुने आसमा अहिले व्यक्तिहरूले ऋण लिन्छन् र भोलिका दिनमा हातमा पैसा भएपछि त्यो ऋण ऋणदाताहरूलाई भुक्तान गर्छन्। त्यस कारण स्थानीयस्तरमा हुने ऋण लिने र दिने कार्यलाई बन्द गर्नुहुँदैन। बरु यसलाई व्यवस्थित गर्नुपर्छ। समाचारहरूमा उल्लेख भए अनुसार ऋण दिने (मिटरब्याज) कार्यलाई सरकारले अपराध घोषणा गर्ने सोचाइ राखेको छ र यसका लागि 'मुलुकी अपराध संहिता'मा परिवर्तन गर्ने तयारी पनि गर्दैछ। मिटरब्याज वा ऋण दिने कार्यलाई अपराध मान्नुहुँदैन बरु कानूनले तोकिदिएको दरभन्दा बढी दरमा ब्याज लिने कार्यलाई अपराध मान्नुपर्छ। यसैगरी, दृष्टिबन्धक, तमसुक वा लिखत तयार पार्दा अथवा लेनदेनको कागज तयार पार्दा किर्ते, असत्य वा झूटो कार्य गर्नेलाई अपराध मान्नुपर्छ। र त्यस किसिमका अपराधहरू समातिने र तिनलाई नियन्त्रित गर्ने नियम र कानूनहरू बनाउनुपर्छ। हातमा घाउ भयो भन्दैमा हात काट्नुहुँदैन, घाउ ठीक पार्नुपर्छ।

बिरामी पर्दा उपचार गराउनका लागि, जन्म, मृत्यु वा विवाहजस्ता संस्कार गर्नका लागि, सन्तानको शिक्षाका लागि वा आकस्मिक खर्च टार्नका लागि व्यक्ति वा परिवारलाई कोषको आवश्यकता पर्न सक्छ। यस्तो बेलामा बैंक तथा वित्तीय संस्थाहरूबाट कोष प्राप्त नहुन सक्छ किनभने बैंकले ऋण दिंदा लामो प्रक्रिया पूरा गर्नुपर्ने हुन सक्छ वा बैंक यस किसिमका कार्य गर्नका लागि ऋण माग्न आउनेहरूलाई ऋण दिन अनिच्छुक हुन सक्छ। यस्ता किसिमका विशेष परिस्थितिमा स्थानीयस्तरमा, निजी क्षेत्रका, ऋणदाताहरूबाट ऋण लिनु नै सजिलो हुन्छ।

नेपाल जस्तो आर्थिक कारोबार व्यवस्थित नभएको देशमा निजीस्तरमा ऋण दिने कार्यलाई अपराध मानेर यसलाई बन्द गर्ने हो भने ग्रामीण क्षेत्र प्रभावित भएर विभिन्न स्थानहरूमा कोष प्रवाहको समस्या उत्पन्न हुन सक्छ। व्यक्तिहरूलाई ऋण पाउन ठूलो समस्या हुन सक्छ। त्यस कारण ऋण दिने कार्यलाई अपराध मान्ने होइन, यसलाई नियमित र व्यवस्थित पार्नेतिर ध्यान दिनुपर्छ। ब्याजदर कम पार्नुपर्छ।

आर्थिक कारोबार व्यवस्था उन्नत भएको देशमा वा धनी देशहरूमा क्रेडिट कार्डको व्यवस्था हुन्छ। क्रेडिक कार्डको व्यवस्था भएकोले व्यक्ति एवं परिवारलाई अचानक हुने कोषको आवश्यकता पूरा गर्न सजिलो हुन्छ। तर नेपालमा क्रेडिट कार्डको व्यवस्था सर्वसुलभ नभएकोले स्थानीयस्तरमा कोषको प्रवाह गर्न कठिन छ। यस्तो अवस्थामा स्थानीयस्तरमा निजी क्षेत्रबाट हुने कोष प्रवाह वा ऋण दिने कार्य सम्पन्न हुन दिनुपर्छ।

**कडा ब्याज नीतिः** सरकारले प्रभावकारी ब्याज नीति ल्याएर पनि मिटरब्याज समस्या समाधान गर्न सक्छ। यसका लागि सरकार वा नेपाल राष्ट्र बैंकले ऋण प्रभाव गर्दा कतिसम्म वा कति प्रतिशत ब्याज लिने पाउने स्पष्ट व्यवस्था गरिदिनुपर्छ र तोकिएकोभन्दा बढी ब्याज कुनै ऋणदाताले लिएको छ भने उसलाई कानूनबमोजिम कारबाही गर्नुपर्छ। जेलसम्मको सजाय हुने व्यवस्था गर्नुपर्छ।

मिटरब्याज समस्याको स्थायीरूपमा समाधान गर्न सरकारले निजी क्षेत्रलाई क्रेडिट कार्ड कम्पनी स्थापना गर्न प्रोत्साहित गर्नुपर्छ। ससाना कोषहरू प्रवाह गर्ने बैंकहरूको स्थापनामा जोड दिनुपर्छ। आजको दिनमा कुनै व्यक्तिसँग पैसा छैन भन्दैमा उससँग क्रयशक्ति छैन भन्ने हुँदैन। भोलिको दिनमा हुने कुनै कमाइ वा आम्दानीले आजको दिनमा नै उसलाई क्रयशक्ति सम्पन्न तुल्याउन सक्छ। यसरी क्रेडिट कार्डको व्यवस्थाले कुनै व्यक्तिले आजको दिनको कोषको आवश्यकतालाई क्रेडिड कार्डको प्रयोगले टारेर भोलि आम्दानी भएमा क्रेडिट कार्ड कम्पनीलाई उक्त कोष (ऋण) भुक्तान गर्न सक्छ।

मिटरब्याज समस्या चर्को ब्याजदरको कारण गम्भीर समस्या हुन पुगेको हो। अनियन्त्रित ब्याजको कारण दुःखदायी हुन पुगेको हो। बेइमानीको कारण ठूलो समस्या हुन पुगेको हो। प्रकृतिको हिसाबले यो आफैंमा नराम्रो भने होइन। यसलाई व्यवस्थित गर्न सकियो भने ग्रामीण क्षेत्रमा हुने कोष प्रवाहलाई यसले व्यवस्थित पार्न सक्छ। बरु व्यवस्थित पार्ने नयाँनयाँ उपायहरूको खोजी गर्नुपर्छ।

**ऋण व्यवहार अनुगमनः** आर्थिक कारोबारको हिसाबमा कुनै व्यक्तिको ऋण व्यवहार कस्तो रह्यो भनी अनुगमन र अभिलेखीकरण गर्न एक संस्थाको स्थापनामा पनि सरकारले जोड दिनुपर्छ। कुनै व्यक्तिले, आफूले लिएको ऋण कसरी भुक्तान गऱ्यो, गरेन भनेर अभिलेख राख्नुपर्छ। तोकिएको अवधिमा ऋण भुक्तान गर्ने व्यक्तिलाई 'असल' र तोकिएको अवधिमा ऋण भुक्तान नगर्नेलाई 'सामान्य वा शङ्कास्पद' र ऋण भुक्तान नगर्नेलाई 'खराब' भनेर अभिलेख राखिएको खण्डमा भविष्यमा असल भनेर दर्जा पाएका ऋणीहरूलाई ऋण पाउन सजिलो हुन्छ भने 'खराब' भनिएकालाई कतैबाट ऋण पाउँदैन। यस्तो व्यवस्था भएमा 'खराब' ऋणी भइएला, भविष्यमा ऋण नपाइएला भन्ने त्रासमा ऋण प्राप्तकर्ताले समयमा नै ऋण भुक्तान गर्छ।

**ऋण खरीद गर्ने निकायः** सरकारले कोष प्रवाहलाई व्यवस्थित पार्न ऋण खरीद गर्ने निकायहरूको स्थापनामा जोड दिनुपर्छ। ससाना ऋणदाताहरूले प्रवाह गरेको ऋण उनीहरूले ठूलाठूला निकाय (ऋण खरीद गर्ने संस्था– बैंक वा वित्तीय संस्था)लाई बिक्री गर्न सक्छन्। ऋण खरीद गर्ने संस्थाहरू ठूला र धनी भएका हुनाले उनीहरूले लामो समय लगाएर खरीद गरेको ऋणको रकम ऋणीबाट असुल उपर गर्न सक्छन्। र यसरी ससाना ऋणदाताहरूले डुब्ने किसिमका ऋणहरू ठूला बैंक एवं वित्तीय संस्थाहरूलाई बिक्री गरेर ठूलो क्षतिबाट जोगिन सक्छन्। बजारमा आफ्नो उपस्थितिलाई दीर्घकालीन पार्न सक्छन्।

तर सर्वाधिक महत्त्वपूर्ण कुरा के हो भने अनावश्यक किसिमले, मौजमस्तीमा खर्च गर्न, सान देखाउन ऋण लिने जुन चलन छ, त्यो भने बन्द गर्नुपर्छ।

मिटरब्याज समस्या समाधान गर्दा ऋणदाताहरूको हित संरक्षण गर्नेतिर पनि उत्तिकै ध्यान पुऱ्याउनुपर्छ।

## दोहोरो अङ्कले घट्यो नेप्से परिसूचक

काठमाडौं, १६ चैत/रासस




धितोपत्र बजारमा बिहीवार शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले घटेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १० दशमलव ८७ अङ्कले घटेर एक हजार नौ सय आठ दशमवल ५५ अङ्कमा समेटिएको छ।

सेन्सेटिभ इन्डेक्स एक दशमवल ६६ अङ्कले घटेर ३५९ दशमलव ४८ बिन्दुमा पुगेको छ। आज कारोबार भएका १३ उपसमूहमध्ये ११ उपसमूहका शेयर मूल्य घटेका छन् भने दुई उपसमूहका शेयर मूल्य बढेका छन्।

बैंकिङ उपसमूह शून्य दशमलव ४२, विकास बैंक शून्य दशमलव ४४, वित्त शून्य दशमलव ९९, जलविद्युत् शून्य दशमलव ८०, लगानी शून्य दशमलव ५७, जीवन बीमा शून्य दशमलव ३६, उत्पादन शून्य दशमलव ७९, लघुवित्त शून्य दशमलव ९४, निर्जीवन बीमा शून्य दशमलव ०१, अन्य एक दशमलव ११ र व्यापार उपसमूह शून्य दशमलव २२ अङ्कले गिरावट आएको छ। होटल तथा पर्यटन शून्य दशमलव ५० र सामूहिक लगानी कोष शून्य दशमलव ४२ अङ्कले बढेका छन्।

आज विभिन्न कम्पनीका २७ लाख ५० हजार ६५५ कित्ता शेयर रु ८९ करोड ९५ लाख ३२ हजार १३९ मा खरीद–बिक्री भएका छन्। आज सुपरमाई हाइड्रोपावरको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ। यस्तै, सिटिजन म्युचुअल फन्ड छ दशमलव ८१, कालिञ्चोक दर्शन लिमिटेड छ दशमलव ०८, आरएसडिसी लघुवित्त वित्तीय संस्था दुई दशमलव ५७ र एनएलजी इन्स्योरेन्स कम्पनीको शेयर मूल्य दुई दशमलव ४१ प्रतिशतले बढेका छन्।

नेप्सेका अनुसार आदर्श लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य छ दशमलव ०७, जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ८६, ग्लोबल आइएमई ब्यालेन्स फन्ड–१ तीन दशमलव ८२, सपोर्ट माइक्रो फाइनान्स वित्तीय संस्था तीन दशमलव ७१ र विशाल बजार कम्पनीको शेयर मूल्य तीन दशमलव ६४ प्रतिशतले घटेका छन्।

कारोबार रकमका आधारमा शिवम् सिमेन्ट कम्पनी शीर्ष स्थानमा छ। कम्पनीको रु पाँच करोड ५८ हजार, हिमालयन डिस्टिलरीको रु तीन करोड १२ लाख ३६ हजार, जीवन विकास लघुवित्त वित्तीय संस्थाको रु दुई करोड १४ लाख १२ हजार, एनआइसी एशिया बैंकको रु दुई करोड १३ लाख ५७ हजार र नबिल बैंकको रु दुई करोड चार लाख ५३ हजार बराबरको शेयर कारोबार भएका छन्।

## सडक विस्तारले गति लिंदै

काठमाडौं, १६ चैत/रासस

लामो समयदेखि निर्माण सुस्त रहेको नारायणगढ–बुटवल सडक विस्तारले गति लिन थालेको छ। पूर्वी र पश्चिमी खण्डमा गरी समग्र भौतिक प्रगति २८ प्रतिशत पुगेको छ।

पूर्वी खण्डमा अहिले मासिक साढे तीन प्रतिशत प्रगति रहेको नारायणगढ–बुटवल सडक विस्तार आयोजनाले जनाएको छ। यसलाई बढाएर अर्को मासिक चार/पाँच प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको आयोजनाका प्रमुख प्रदीपराज शाक्यले बताए।

सो सडकका विभिन्न खण्डमा कालोपत्रको काम भइरहेको उनले जानकारी दिए। उनले भने, "चार लेनमा कालोपत्र गरिने भएपनि पहिले दुई लेनमा गरेर पछि अर्कोतर्फ गरिने योजना बनाइएको छ। एकैपटक सबैतिर साइट पनि खाली भइनसक्ने हुँदा एकातिर गरेर पछि अर्कोतर्फ हुनेछ।"

सडक विस्तारको गति बढाउन अहिले जनशक्ति थप गरिएको र निर्माण सामग्री थप गरिरहेको प्रमुख शाक्यले जानकारी दिए। गिट्टी, बालुवा केही मात्रामा अहिले पनि पाइरहेको र आगामी दिनमा विभिन्न पालिकाबाट पाइने अपेक्षा गरिएको छ। उनले भने, "दिन्छु भनेका पालिकाले दिएमा समस्या हुँदैन।"

तत्काल अरू समस्या नआएमा प्रगति बढ्ने देखिएको आयोजनाले जनाएको छ। निर्माणस्थल खाली भइरहेको र निर्माण कम्पनीले पनि जनशक्ति बढाएकाले गति बढ्ने देखिएको हो।

अहिलेको अवधि साउनसम्म रहेकाले थपका लागि निर्माण कम्पनीले निवेदन दिएको आयोजनाले जनाएको छ। यस विषयमा पहिले अन्तर्राष्ट्रिय परामर्शदाताले मूल्याङ्कन गरेर टुङ्गो लगाउनुपर्ने उनले बताए।

काम गरिरहँदा थप्नुपर्ने कारण छ भन्ने परामर्शदाताको सुझावका आधारमा मात्रै थप हुन सक्ने उनले बताए। उनले भने, "परामर्शदाताले नै थप्न पर्छ वा पर्दैन र थप्ने भए कति थप्नुपर्छ भनेर प्रतिवेदन दिनुपर्छ।" विभिन्न ठाउँमा पुल र कल्भर्ट निर्माणका काम भइरहेका छन्। बाटो सजिलो हुन अझै केही समय लाग्न सक्ने प्रमुख शाक्यले बताए। वर्षा शुरू हुनु पहिले नै सबै डाइभर्सन हटाउने प्रतिबद्धता निर्माण व्यवसायीले गरेको उनले जानकारी दिए। विगतका वर्षको वर्षाभन्दा यो वर्ष केही सजिलो हुने उनको भनाइ छ। दुई वर्ष पहिले वर्षाको समयमा सो सडक भएर यात्रा गर्न धेरै समस्या रहेको थियो। गत वर्ष पनि एक/दुई ठाउँमा डाइभर्सन रहेकाले समस्या भएपनि आगामी वर्षामा त्यो नदोहोरिने उनले बताए।

निर्माणस्थल खाली गराउन प्रक्रिया सकिए पनि काम भइसकेको छैन। निर्माण कम्पनीले सडकमा रहका विभिन्न कुरा हटाउँदै खाली भएको खण्डमा निर्माणको काम गरिरहेको हो। विद्युत्को पोल सार्ने, खानेपानीको पाइप सार्ने सबै काम निर्माण कम्पनीलाई नै जिम्मेवारी दिइएको। उनले भने, "उसले आफ्नो तालिका अनुसार काम गरिरहेको छ।"

अहिले तत्काल एकातिरबाट काम गर्ने र खाली भएपछि अर्कोतर्फ गर्नेगरी तत्काल एकातर्फको सडक मात्रै कालोपत्र भइरहेको छ। अहिलेको चुनौती भनेको निर्माण कम्पनीको व्यवस्थापन गरेर कामको प्रगति बढाउनु मात्रै रहेको उनले बताए। उनले भने, "पहिले अरू पक्षबाट विभिन्न अवरोध भएपनि त्यो सबै समाधान भइसकेको छ, अब जसरी पनि कामको प्रगति बढाउनुपर्नेछ।"

झन्डै छ दशकपछि अहिले विस्तार

(बाँकी चौथो पातामा)

## त्रिवेणी समूहबाट २२ वर्षदेखिको कर असुल्ने छ पालिकाको निर्णय

झापा, १६ चैत/रासस

नेपाल चिया विकास निगमको सातवटा चिया बगान र कारखाना सम्झौता गरी ५० वर्षका लागि भाडामा लिएको त्रिवेणी समूहले २२ वर्षदेखि राज्यलाई सम्पत्ति, मालपोत र व्यवसाय कर तिरेको छैन।

२०५७ असार १४ गते नेपाल सरकार र उक्त समूहका अध्यक्ष पुरुषोत्तमलाल सङ्घाईबीच निगम भाडामा लिनेदिनेसम्बन्धी सम्झौता भएको थियो। सरकारले मातहतका उद्योग निजीकरणमा दिने नीति अन्तर्गत झापा र इलाममा रहेको निगमका चिया बगान त्रिवेणी समूहले भाडामा लिएको थियो।

जग्गा र कारखाना प्रयोगका साथै व्यवसाय सञ्चालन गरेबापत निगमले करोडौं रुपैयाँ कर नतिरेपछि निगमको चिया बगान रहेका झापा र इलामका छवटा स्थानीय तह (पालिका)ले सङ्गठितरूपमा कर तिराउन दबाब सिर्जना गर्ने र अटेर गर्न थाले कानूनी कारबाहीका लागि पहल गर्ने निर्णय गरेका छन्।

झापामा मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिका र बाऱ्हदशी गाउँपालिकामा निगमको चिया बगान छ भने इलाम जिल्लाको सूर्योदय, इलाम र माई गरी तीनवटा नगरपालिकामा निगमको चिया बगान छ।

सरकारले भाडामा व्यवसाय गर्न दिएको जग्गाको सम्पत्ति कर, मालपोत र व्यवसाय कर तिर्न पटकपटक पत्राचारका साथै ताकेता गर्दा पनि नटेरेपछि निगमको चिया बगान क्षेत्राधिकारभित्र रहेका छवटा पालिकाले सामूहिकरूपमा असुलीको उपाय खोज्न बाध्य हुनुपरेको मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बुढाथोकीले बताए।

"सर्वसाधारणले एकमुठो साग बेच्दा राज्यलाई कर तिर्नुपर्ने तर निगमको सरकारी जग्गा लिजमा लिएर बर्सेनि करोडौं मुनाफा कमाइरहेको त्रिवेणी समूहले चाहिं सम्पत्ति कर, मालपोत र

(बाँकी चौथो पातामा)

# आर्थिक सङ्कटमोचनको बाटो : निजी क्षेत्रसँग सहकार्य

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**औद्योगिक क्षेत्र खुम्च्याएर कुनै पनि मुलुकले अर्थतन्त्रमा सफलता प्राप्त गर्दैन । त्यसैले उत्पादनमा आधारित अर्थतन्त्र नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकाले औद्योगिक क्षेत्रको विस्तारमा नयाँ सरकारको ठोस पहल आवश्यक छ ।**

मुलुकको अर्थतन्त्र अहिले असहज अवस्थाबाट गुज्रिरहेको छ। बढ्दो गरीबी, बेरोजगारी, उच्च मुद्रास्फीति, भ्रष्टाचार, अनिश्चित विप्रेषण, गिर्दो निर्यात, बढ्दो आयात, उच्च व्यापार घाटा, कमजोर उद्योग निर्माण क्षेत्र, कृषिको न्यून उत्पादकत्व र सीमित मुलुकसँगको उच्च निर्भरताले गर्दा दैनिक उपभोग्य वस्तुमा समेत आत्मनिर्भर हुन नसक्ने अवस्था छ। घट्दो राजस्व, अपर्याप्त वैदेशिक मुद्राको सञ्चिति, बढ्दै गएको ऋणको भार, गुणात्मक शिक्षाको अभाव र शिक्षण संस्थामा अधिकतम व्यक्तिको न्यून पहुँचलगायत समग्र 'म्याक्रो इकोनोमिक' क्षेत्र नेपालको विद्यमान नीतिहरूको समन्वय र कार्यान्वयन स्थितिको दुर्बलताले गर्दा जन्मिएका हुन्। विशेषगरी नेपालको अर्थतन्त्र आयातमुखी छ। कुल राजस्वको झन्डै ६० प्रतिशतको हाराहारीमा भन्सारको योगदान छ । कोभिड र रूस-युक्रेन युद्धले अन्तर्राष्ट्रिय बजारमा नै मूल्यवृद्धि हुँदा नेपालले आयात गर्ने इन्धन, अटोमोबाइलदेखि खाद्यान्नसम्मका सामानमा उच्च मूल्यवृद्धि भएको छ । आयातमा निर्भर मुलुकमा यसरी उच्च मूल्यवृद्धि भएको कारणले अर्थतन्त्रका सूचक कमजोर भएका छन्। राजस्व न्यून हुनुमा आयातलाई नियन्त्रण गरिएको भनिए पनि यो मात्र कारण होइन । भारतसँग करीब १८०० किमी खुला सिमाना जोडिएकोले अवैध आयात-निर्यात र चोरी निकासी हुने गरेको अवस्था पनि छ । यसले केही मात्रामा भएपनि राजस्वमा असर पारेको देखिन्छ।

नेपालको अर्थतन्त्र मूलतः वैदेशिक सहायतामा निर्भर भएको देखिन्छ। यस अन्तर्गत वैदेशिक अनुदान र ऋण सहायता नै हुन्। आयोजना व्यवस्थापनमा रहेका विभिन्न समस्या निराकरण गर्न नसक्दा दातृ निकायबाट उपलब्ध सहायता पनि खर्च गर्न नसकिएको अवस्था छ । विशेषगरी दातृ निकायले सहायता दिंदा विभिन्न शर्त र प्रक्रिया पूरा गर्नुपर्ने कारणले गर्दा पनि रकम प्राप्त गर्न सकिएको छैन। पहिले नेपाल सरकारको स्रोतबाट खर्च गर्ने र पछि उक्त रकम दातृ निकायबाट प्राप्त गर्ने प्रक्रिया हुन्छ, जसलाई शोधभर्ना भनिन्छ । आयोजना कार्यालयले सम्झौतामा उल्लेख भए अनुसार शोधभर्ना माग नगर्ने कारणले गर्दा पनि नेपाल सरकारको सञ्चित कोषमा दबाब सिर्जना हुने गरेको देखिन्छ। यसरी सरकारी ढुकुटीमा राजस्व र वैदेशिक ऋण सहायता दुवैतर्फबाट दबाब सिर्जना भएको अवस्था छ । वैदेशिक तथा आन्तरिक गरी नेपालको कुल ऋण २० खर्बभन्दा बढी रहेको तथ्याङ्क छ । ४८ खर्बको राष्ट्रिय अर्थतन्त्र भएको मुलुकमा २० खर्ब त्यति ठूलो नभए पनि चनाखो भने पक्कै हुनुपर्छ । श्रीलङ्कामा आर्थिक सङ्कट आएको यही बाह्य ऋणबाट नै हो। त्यसैले सरकारले यस विषयमा निकै संयमित हुनुपर्छ। परनिर्भर अर्थतन्त्रमा विदेशी मुद्रा सञ्चिति कमजोर अवस्थामा हुन्छ । सामान्यतया अल्पविकसित मुलुकका लागि कम्तीमा पनि ९-१० महीना धान्न सक्ने विदेशी मुद्रा सञ्चिति हुनुपर्छ । तर नेपालमा भने मुश्किलले ६-७ महीना पुग्ने देखिएको छ। त्यो पनि वर्तमान अवस्थामा पर्यटन सेवा र विप्रेषणमा केही सुधार आएकोले हो । आयात नियन्त्रण गर्न सरकारले बढी मूल्य भएका र विलासिताका सामानको आयातमा रोक लगायो। यसले फेरि भन्सार राजस्वमा प्रतिकूल प्रभाव पाऱ्यो । राजस्व प्राप्तिमा दबाब परेको हुँदा अहिले प्रतिबन्ध हटाइएको छ । प्रतिबन्ध लगाउँदा राजस्व कम प्राप्त हुने र प्रतिबन्ध नलगाउँदा आयात बढेर शोधनान्तर घाटा बढ्न जाने हुँदा यसले हाम्रो अर्थतन्त्रमा बढी दबाब परेको छ। यतिखेर राजस्व, पूँजीगत खर्च, तरलता, सरकारी कोषमा परेको चाप, विदेशी मुद्रा सञ्चिति, ब्याजदर, आन्तरिक उत्पादन, बढ्दो आयात र घट्दो निर्यातजस्ता अर्थतन्त्रका आधारभूत क्षेत्र नै खस्किएका देखिन्छन् । त्यसैले यी क्षेत्रको सुधार नगरी अर्थतन्त्रले लय लिन सक्ने अवस्था आउँदैन । यसका साथै देशको अर्थतन्त्र सुदृढ बनाउन आन्तरिक उत्पादनको महत्त्वपूर्ण भूमिका हुन्छ । आयातमुखी अर्थतन्त्रमा देशको सीमित विदेशी मुद्रा पनि यसैको भुक्तानीमा खर्च गर्नुपर्ने हुन्छ । निर्यात न्यून भएकाले सञ्चित विदेशी मुद्रा पनि खर्च गर्नुपर्ने बाध्यताले अर्थतन्त्रमा झनै दबाब पर्न जान्छ। विगत दुई वर्षयता नेपालको अर्थतन्त्र कमजोर बनाउने कारक तत्त्वका रूपमा कोभिडलाई लिने गरिन्छ । कोभिडका कारण लागू भएको बन्दाबन्दीले प्रायः सबै उद्योगधन्दा, कलकारखानाजस्ता उत्पादनशील क्षेत्र धराशयी भएका छन्। उत्पादनशील क्षेत्र बन्दाबन्दी हुँदा अधिकांश श्रमिकको रोजीरोटी खोसिएको र उद्योगी-व्यवसायीले बैंकको साँवा र ब्याज तिर्न सकिरहेका छैनन्। फलस्वरूप उनीहरूको घरजग्गा बैंक तथा वित्तीय संस्थाले लिलामी गर्न थालेका छन्। उत्पादनशील क्षेत्रले गति लिन नसक्दा सरकारले राजस्वसमेत गुमाएको छ। यसको असर सरकारी कोषमा परेको छ । यस्तो अवस्थामा आठ प्रतिशतको आर्थिक वृद्धि र सात प्रतिशतको सीमाभित्र मूल्य नियन्त्रण गर्ने सरकारी लक्ष्य पूरा हुने सम्भावना देखिएको छैन। त्यसैले राजस्व प्रशासनलाई समयमा नै चुस्त र दुरुस्त बनाउन सक्नुपर्दछ । यसका साथै सरकारले पूँजीगत खर्च बढाउन सक्नुपर्दछ। चालू आर्थिक वर्षको पहिलो छ महीनामा १४ प्रतिशत मात्र बजेट खर्च हुनु भनेको ज्यादै निराशाजनक अवस्था हो । अहिले बैंक तथा वित्तीय संस्थामा तरलता अभाव छ। यसमा सुधार ल्याउन पनि सरकारले पूँजीगत खर्च बढाउनैपर्छ। पूँजीगत खर्च बढाउनु भनेको विकास निर्माण कार्यलाई तीव्रता दिनु हो। त्यसैले यसतर्फ सरकार संवेदनशील हुनैपर्छ ।


अर्थतन्त्रलाई सबल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको निजी क्षेत्रलाई यतिखेर आफ्नो व्यावसायिक जीवनकै सबैभन्दा खराब परिस्थितिको सामना गर्नुपरेको छ । समग्र निजी क्षेत्र अनकौं त्रासका बीच उद्यम/व्यवसाय गरिरहेको छ। उनीहरूको मनोबल एकदमै कमजोर देखिएका छन् । नियन्त्रणको नीतिले अर्थतन्त्रका बाह्य सूचकमा सामान्य सुधार देखिए पनि आन्तरिक सूचक अत्यन्त खराब छन्। बजारमा माग घट्दा आर्थिक गतिविधि सीमित हुन पुगेको छ। नयाँनयाँ लगानीका योजना स्थगित भएका छन् भने सञ्चालनमा रहेका व्यवसायको निरन्तरता पनि सबैभन्दा ठूलो चुनौतीका रूपमा देखा परेका छन्। अर्थतन्त्रको यो जटिल अवस्थाबीच नयाँ सरकार गठन भएको छ । यद्यपि मन्त्रिपरिषद्ले अझै पूर्णता पाएको छैन । अर्थतन्त्र जटिल अवस्थामा रहेकोले नियमित किसिमबाट मात्र सरकार सञ्चालन गर्ने छुट नयाँ मन्त्रिपरिषद्लाई पक्कै छैन। अर्थतन्त्रका समस्या समाधान नगरे सरकार सञ्चालनमैं अप्ठ्यारो पर्ने र समग्रमा मुलुक नै गम्भीर आर्थिक सङ्कटमा पर्ने देखिएकाले नयाँ सरकारको प्राथमिकता अर्थतन्त्र सुधारमैं हुनुपर्छ । उच्च ब्याजदरका कारण व्यवसाय कठिन भएको भन्दै यतिखेर निजी क्षेत्र आन्दोलित छ । यसको मुख्य कारण सरकारले लिएको वित्तीय नीति नै हो। अहिले निजी क्षेत्रले भोगेको सबैभन्दा ठूलो समस्या भनेको नै चर्को ब्याजदर र तरलता अभाव हो। यसरी वित्तीय क्षेत्रमा देखिएका समस्या समाधान गर्न नेपाल राष्ट्र बैंक, नेपाल उद्योग वाणिज्य महासङ्घ र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिबीच सघन समन्वय, सहकार्य र नियमित छलफल आवश्यक छ।

अर्थतन्त्रको संरचनात्मक सुधारका लागि नयाँ सरकारलाई अहिले महत्त्वपूर्ण अवसर प्राप्त भएको छ । सङ्कटोन्मुख अर्थतन्त्रलाई सबल बनाएर सरकारले आम नागरिकको मन जित्ने बेला पनि यही हो । यसका लागि सरकारले महत्त्वपूर्ण र परिवर्तनकारी काम गर्नुपर्दछ। राजस्व चुहावट तथा नियन्त्रण, सीमा क्षेत्रको अवैध व्यापार न्यूनीकरण, कर्मचारी संयन्त्रको प्रणालीगत उपयोग, भ्रष्टाचारमा शून्य सहनशीलता र अनावश्यक खर्च कटौती गर्दै रोजगार सिर्जना गर्ने खालका परियोजनामा लगानी बढाउने गरी आर्थिक नीति बनाउने साहस सरकारले गर्नैपर्छ । कमजोर पूँजीगत खर्चलाई बढाउन सार्वजनिक खरीद प्रक्रियामा रहेका जटिलता फुकाउनेदेखि आवश्यकता अनुसार कानून संशोधनमा सरकार तयार हुनुपर्छ। अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ । रोजगार सिर्जना, लगानी आकर्षण, पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान अर्थतन्त्रमा औसतमा पाँच प्रतिशतमा सीमित रहेको छ। औद्योगिक क्षेत्र खुम्च्याएर कुनै पनि मुलुकले अर्थतन्त्रमा सफलता प्राप्त गर्दैन। त्यसैले उत्पादनमा आधारित अर्थतन्त्र नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकाले औद्योगिक क्षेत्रको विस्तारमा नयाँ सरकारको ठोस पहल आवश्यक छ। त्यसैले अर्थतन्त्रको महत्त्वपूर्ण स्तम्भ मानिने निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ ।

# दन्त चिकित्सामा पारोको प्रयोग घट्यो

काठमाडौं, १६ चैत/रासस

दाँतको उपचारका लागि पारोको प्रयोग उल्लेख्य मात्रामा घटेको छ । नेपालमा मर्करीमुक्त (पारोमुक्त) दन्त चिकित्सा सेवा एवं मर्करीमुक्त स्वास्थ्य सेवा अध्ययनको प्रतिवेदनले दन्त चिकित्सा र अस्पतालमा पारोको प्रयोग घटेको उल्लेख गरेको छ ।



तस्वीरः फाइल

अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै गैरसरकारी संस्था स्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका निर्देशक रामचरित्र साहले दन्त चिकित्सामा मर्करी अमलगमको प्रयोग उल्लेख मात्रामा घटेको जानकारी दिए । उनले प्रयोग घट्नु सकारात्मक भएपनि छ दशमलव ३८ प्रतिशत दन्त चिकित्सा स्वास्थ्य संस्थाले अझै पनि पारोको प्रयोग गर्ने गरेको बताए।

उनले भने, "९३ दशमलव ६२ प्रतिशतले पारोको प्रयोग गर्ने गरेका छैनन्, जुन निकै सकारात्मक परिणाम हो। तर बाँकी छ दशमलव ३८ प्रतिशतले क्यापुलका रूपमा पारोको प्रयोग गर्दै आएको देखियो।" सात प्रदेशका विभिन्न ४२ आधारभूत स्वास्थ्य संस्था र ४७ वटा दन्त चिकित्सा स्वास्थ्य संस्थामा अध्ययन गरिएको थियो । अध्ययनमा लुम्बिनी प्रदेशको एक निजी दन्त चिकित्सा क्लिनिक, मधेस प्रदेशको एक निजी अस्पताल र गण्डकी प्रदेशको एक दन्त चिकित्सा क्लिनिकमा मर्करी अमलगम प्रयोग गर्ने गरेको देखिएको हो ।

कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले पारोमुक्त स्वास्थ्य सेवा र दन्त चिकित्सालाई सय प्रतिशत पुऱ्याउनुपर्नेमा जोड दिए। उनले भने, "पारोको प्रयोगले वातावरण मात्र हैन जनस्वास्थ्यमा प्रत्यक्ष असर पार्छ । स्वास्थ्य क्षेत्रमा यसको प्रयोगमुक्त एक सय प्रतिशतसम्म पुऱ्याउन आवश्यक छ।"

स्वास्थ्य समन्वय महाशाखा प्रमुख यशोधा अर्यालले घरघर र स्वास्थ्य संस्थामा रहेका पारोयुक्त उपकरणको सङ्कलन र व्यवस्थापन गर्न सरोकारवालाको ध्यानाकर्षण गराइन्। उनले मिनामाता महासन्धिलाई अनुमोदन गर्ने तयारीमा सरोकारवाला निकाय लागिपरेको जानकारीसमेत दिइन्।

विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि राजाराम पौडेलले पारोसम्बन्धी मन्त्रालयको निर्णय पूर्ण कार्यान्वयनका लागि सचेतना अभिवृद्धि गर्नुपर्ने सुझाव दिए । कार्यक्रममा ग्रिल तथा स्टील व्यवसायी महासङ्घ नेपालका अध्यक्ष मोहन कटुवालले जनस्वास्थ्य र वातावरणलाई असर गर्ने पारोको प्रयोगलाई विस्थापन गर्दै लगेको बताए।

सहभागीले दन्त चिकित्साको पाठ्यक्रममा पारोको प्रयोगसम्बन्धी पाठ परिमार्जन गर्न आवश्यक रहेको बताएका थिए । प्रतिवेदन अनुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न मेडिकल कलेज र अस्पतालले पाठ्यक्रम अनुसार विद्यार्थीले पारोको प्रयोग गर्दै आएका छन्। दन्त सप्लायर्सले अझै पनि दन्त चिकित्साका लागि पारोको तरल, क्याप्सुल र धातु मिश्रणको बेचबिखन

(बाँकी पाँचौं पातामा)

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

## सडक विस्तार ...

भइरहेको छ । एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा विस्तार शुरू भएको सडक निर्माणको लागतमध्ये ८५ प्रतिशत एडिबीले ऋण उपलब्ध गराएको छ भने बाँकी नेपाल सरकारकै लगानी छ । सडक चार लेनमा विस्तार हुने भनिए पनि राजमार्ग शहरी क्षेत्रमा छ लेन र दाउन्ने क्षेत्रमा तीन लेनमा विस्तार हुनेछ ।

सरकारले पूर्व-पश्चिम राजमार्ग एशियाली राजमार्गको मापदण्डमा विस्तारको काम अघि बढाएको छ । विभिन्न खण्डमा कतै विस्तार अघि बढिसकेको छ भने कतै विस्तारको तयारी अघि बढेको छ ।

विसं २०७५ मा सो सडक निर्माण शुरू भएको थियो। ११४ किमी लम्बाइको सडक पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई योजना अन्तर्गत काम अघि बढाइएको छ । दुवै प्याकेजको निर्माण साढे तीन वर्षमा सम्पन्न गर्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेशनलाई दिइएको थियो ।

## त्रिवेणी समूहबाट ...

व्यवसाय कर तिर्नु नपर्ने हुनै सक्दैन," उनले भने, "कानूनी राज्यमा सबै नागरिक समान छन्। कुनै बहाना नगरी त्रिवेणी समूहले स्थानीय सरकारलाई कर बुझाउनुपर्छ।"

निगमको झापामा टोकला, बर्ने र बाऱ्हदशी चिया बगान छ । इलाममा कन्याम, शोक्तिम, चिलिमकोट र इलाम चिया बगान छ । बगानको आम्दानी लिइरहेको त्रिवेणी समूहले छवटै पालिकालाई हालसम्म कुनै कर बुझाएको छैन।

**बगान रहेका पालिकाको संयुक्त बैठक**

मेचीनगर नगरपालिकाको पहलमा बुधवार मेचीनगरको सभाहलमा छवटै पालिकाका प्रमुखको संयुक्त बैठक बस्यो। बैठकले कानूनी कदम चालेर भएपनि उक्त समूहसँग कर असुली गरी छाड्ने निर्णय गऱ्यो ।

बैठकले पहिलो चरणमा छवटै पालिकामा रहेका निगमका चिया बगानले ओगटेको जग्गा, अहिलेसम्म नतिरेको कर रकम र असुलीका लागि त्रिवेणीलाई गरिएका पत्राचारका कागजातको विवरण सङ्कलन गर्ने निर्णय गरेको इलाम नगरपालिकाका नगरप्रमुख केदार थापाले बताए।

उनका अनुसार नेपाल सरकारले निगम भाडामा लगाउँदा गरेको सम्झौता र भाडामा लिने पक्षले सरकारलाई अहिलेसम्म के कति रकम बुझाएको छ भन्ने विषयमा अर्थ मन्त्रालयबाट औपचारिक जानकारी लिनेसमेत बैठकले निर्णय गऱ्यो।

छवटै पालिकाले आफ्नो क्षेत्राधिकारभित्र निगमले ओगटेको जग्गाको धनीपुर्जा, सम्पत्ति कर भरेको फारामको प्रतिलिपि, निगमसँग भएका पत्राचार, अर्थ तथा अन्य मन्त्रालयमा यस सम्बन्धमा भएका पत्राचार र पालिकाले यस विषयमा अहिलेसम्म चालेका कारबाहीको विवरण सङ्कलन गर्ने निर्णय भएको नगरप्रमुख थापाले जानकारी दिए।

**मेचीनगरलाई ४९ करोड तिर्नुपर्ने**

निगमको टोकला चिया बगान रहेको मेचीनगर नगरपालिकालाई त्रिवेणी समूहले सम्पत्ति कर, मालपोत र व्यवसाय करबापत रु ४९ करोड तिर्न बाँकी छ।

नगरपालिकाले जनाए अनुसार उक्त समूहले आव २०५७/५८ देखि नै नगरपालिकालाई कुनै कर बुझाएको छैन। नगरले कर असुलीका लागि बर्सेनि ताकेता गर्दै आइरहेको छ।

त्रिवेणी समूहले आर्थिक वर्ष २०६२/६३ देखि २०७८/७९ सम्मको सम्पत्ति कर अन्तर्गत रु २५ करोड ५९ लाख सात हजार ६४४ बुझाउन बाँकी छ। आव २०६२/६३ देखि २०७८/७९ सम्मको कर जरिवाना रु २१ करोड पुगिसकेको उक्त नगरपालिकाले जनाएको छ।

सोही अवधिको अन्य सेवा शुल्क रु डेढ करोड र शुरूदेखिकै बक्यौता घरजग्गा कर रु ५५ लाख नाघिसकेको छ । सरकारको जग्गा भाडामा लिएर कुनै पनि कर नतिरेको त्रिवेणी समूहले राज्यको कानून र नियमलाई धज्जी उडाइरहेको हुँदा स्थानीय पालिका अब एकीकृत भएर कडा कदम चाल्न बाध्य हुनुपरेको बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईंले बताए।

पालिकाको संयुक्त बैठकले कर असुली गर्न जुनसुकै प्रक्रिया पनि अवलम्बन गर्ने र आवश्यक परे स्थानीय पालिकाले नै उक्त चिया बगान सञ्चालन गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन्।

त्रिवेणी समूहका चिया बगान हेर्ने प्रशासन प्रमुख लोकनाथ दङ्गालले सरकारले जग्गा भाडामा दिएको हुँदा जग्गाधनी सरकार नै भएको उल्लेख गर्दै सम्पत्ति कर पनि सरकारलाई तिर्नु नपर्ने जिकिर गरे।

# अन्तर्राष्ट्रिय समाचार

## केटाहरूसँग कुरा गर्न नपाएको झोंकमा बाआमाको बीभत्स हत्या

मेरठ (उत्तर प्रदेश), १६ चैत/पिटिआई

उत्तर प्रदेशको बुलन्दशहर क्षेत्रमा आफ्नै १५ वर्षीया छोरीले आमाबुबाको हत्या गरेकी छन् । हत्या भएको १५ दिनपछि उनी पक्राउ परेकी हुन् ।

हत्या आरोपी कक्षा ८ मा पढ्ने उनले केटाहरूको सङ्गत गर्न आमाबुबाले नदिएको झोंकमा उनीहरूलाई मारेको प्रहरीसमक्ष स्वीकार गरेकी छन् । मृतक दम्पतीकी चारजना छोरीमध्ये जेठी उनले १५ दिनअघि आमाबुबालाई मारेको स्वीकार गरेकी शिकारपुर प्रहरी कार्यालयले जनाएको छ ।

केटाहरूसँग कुराकानी गरेकामा आमाबुबाले गाली गर्दा रिसाएकी उनले दैनिक काम सकेर घर आएका आमाबुबालाई चियामा निद्रा लाग्ने औषधि हालेर खुवाएकी थिइन् । औषधिको प्रभावले मस्त निदाएका आफ्ना आमाबुबाका शिरमा उनले निर्ममतापूर्वक पटकपटक बन्चरो प्रहार गरेकी थिइन् ।

४८ वर्षीय मोहम्मद शब्बीर र ४४ वर्षीया रेहाना केही दिनदेखि नदेखिएका तथा उनीहरूको घरबाहिर रगतका टाटा देखेपछि छिमेकीले आपराधको आशङ्का प्रहरीलाई खबर गरेका थिए । अनुसन्धानका क्रममा प्रहरीले १६ जनालाई पक्राउ गरेको थियो तर अभियुक्तको मोबाइल फोनमा भेटिएको 'अडियो'लाई लिएर कठोररूपमा केरकार गरेपछि उनले अपराध स्वीकार गरिन् ।

हत्यामा प्रयोग गरिएको हतियार पनि प्रहरीले बरामद गरेको छ । अभियुक्तलाई बाल सुधारगृहमा पठाइएको छ । निद्राको औषधि बेच्ने २२ वर्षीय मोहम्मद अकिललाई पनि पक्राउ गरिएको छ । रासस

## ताइवानी राष्ट्रपति न्युयोर्कमा

न्युयोर्क, १६ चैत/एएफपी

ताइवानका राष्ट्रपति साई इङ वेन ग्वाटेमाला र बेलिजको भ्रमणका क्रममा आज न्युयोर्क आइपुगेकी छन् । स्वदेश फर्कने क्रममा उनले अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीलाई भेट्ने सम्भावना छ ।

ताइवानी नेताले सभामुख म्याकार्थीलाई भेटेमा त्यसले गम्भीर परिणाम निम्त्याउने चेतावनी बेइजिङले दिएको छ । ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले विदेश भ्रमणका क्रममा राष्ट्रपति साई अमेरिकामा 'ट्रान्जिट'मा बस्नु र उनले सभामुखलाई भेट्नु सामान्य हो भन्दै विगतमा पनि धेरै ताइवानी नेता अमेरिका भएर तेस्रो मुलुक प्रस्थान गरेका बताएका छन् । राष्ट्रपति साईको विदेश भ्रमणको सातौं अमेरिका ट्रान्जिट हो । सन् १९९४ यता ताइवानका बहालवाला राष्ट्रपतिले २९ पटक अमेरिकालाई ट्रान्जिट पारेर यात्रा गरेका छन् । सभामुख म्याकार्थीले पनि क्यालिफोर्नियामा राष्ट्रपति साईलाई भेट्ने बताएका छन् । रासस

## पानीजहाजमा आगलागी: ३१ जनाको मृत्यु

मनिला, १६ चैत/एएफपी



तस्वीरः एएफपी

दक्षिणी फिलिपिन्समा एउटा पानीजहाजमा आगलागी हुँदा ३१ जनाको मृत्यु भएको छ । उद्धारकर्मीहरूका अनुसार २३ जना घाइते भएका छन् भने सातजना हराइरहेका छन् ।

गएराति जहाजमा आगो लागेपछि चालक दलका ३५ जना सदस्य र १९० जना यात्रीलाई तटरक्षक र माझीहरूको सहयोगमा सकुशल उद्धार गरिएको सरकारी अधिकारीहरूले बिहीवार जनाएका छन् । पानीजहाजमा २५० भन्दा बढी यात्री रहेका बताइएको छ ।

लेडी मेरी जोय–३ नामको पानीजहाज मिन्डानाओ टापुको जाम्बोआङ्गा शहरबाट सुलु प्रान्तको जोलो टापुतर्फ गइरहेका बेला आगो लागेको थियो ।

सात हजारभन्दा बढी टापुको द्वीप समूह फिलिपिन्समा अव्यवस्थित समुद्री यातायात, नियमित अनुगमनको अभाव र भीडभाडका कारण बेलाबेलामा यस्ता दुर्घटना हुने गरेका छन् ।

सन् १९८७ को डिसेम्बरमा डोना पाज नामको यात्रुवाहक पानीजहाज इन्धन बोकेको अर्को जहाजसँग ठोक्किएर डुब्दा चार हजार तीन सयभन्दा बढी मानिसको मृत्यु भएको थियो ।

शान्तिकालमा समुद्री भवितव्यमा परेर विश्वमा त्यति धेरै मानिसको एकैपटक ज्यान गएको इतिहास छैन । रासस

## २५ जना इनारमा खसे

इन्दौर, १६ चैत/पिटिआई

रामनवमी पर्व मनाउन पटेलनगरस्थित शिवमन्दिरमा भेला भएका भक्तजनमध्ये २५ जना मन्दिरको आँगनमा रहेको पुरानो इनारमा खसेका छन् ।

यो समाचार तयार पार्दासम्म पाँचजनालाई उद्धार गरिएको छ भने हालसम्म हताहतीको खबर आएको छैन । सिमेन्टको स्ल्याबले ढाकिएको इनारमाथि पूजाअर्चनाका निम्ति भक्तजन भेला भएका थिए । भीडको भार थाम्न नसक्दा स्ल्याब भत्कँदा उनीहरू इनारमा खसेका प्रहरीले जनाएको छ ।

इनारमा खसेकामध्ये केही त्यहाँ रहेको फलामको डन्डीमा झुन्डिएका तथा उनीहरूको उद्धार भइरहेको इन्दौरका सुरक्षा प्रमुख इलयाराजा टीले बताएका छन् । मन्दिर क्षेत्रको वातावरण बिग्रन नदिन तथा दुर्घटना हुन नदिन व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ । सम्भावित घाइतेहरूलाई शीघ्र अस्पताल पुऱ्याउन मन्दिर परिसरमा एम्बुलेन्सहरू तयारी हालतमा राखिएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – विजय |
| मिथुन – अतिथिआगमन | कर्कट – भाग्योदय |
| सिंह – खर्चवृद्धि | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – राज्यलाभ |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडापरिश्रम | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिका कार्यालयको अपिल

- गर्मीयाम शुरु भएसँगै झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडलगायतका रोगको जोखिम बढीहुनेहुँदा व्यक्तिगत सरसफाई र जनस्वास्थ्यको मापदण्डका पालना गरौं ।
- बासी सढेगलेका खानेकुरा नखाऔं ।
- खानालाई सधै छोपेर राखौं ।
- काचै खान मिल्ने फलफुल र तरकारीको सफा सँग धोएर मात्र खाऔं ।
- खाना खानु अघि र पछि तथा शौचालयको प्रयोग गरेपछि अनिवार्य साबुन पनीले मिचि मिचि हात धुने बानी बसालौं ।
- आफ्नो घर वरपर सफा राखौं, रोग लाग्नबाट बचौं ।

## पेटभित्र रक्सीको बोतल भेटिएको युवक अस्पतालबाट डिस्चार्ज

प्रस, रौतहट, १६ चैत/

साथीहरूले मलद्वारबाट रक्सीको बोतल छिराइदिएपछि गम्भीर अवस्थामा पुगेका रौतहटको गुजरा नगरपालिकाका–९ का नुर्साद मन्सुरी अस्पतालबाट डिस्चार्ज भएका छन् ।

चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेजका चिकित्सकले शल्यक्रिया गरी उनको पेटबाट रक्सीको बोतल निकालेका थिए । उनी आफैं हिंडेर घर फर्किने अवस्थामा पुगेपछि हिजो डिस्चार्ज गरिएको उपचारमा संलग्न डा राजेश यादवले बताए ।

युवकको आर्थिक अवस्था निकै कमजोर भएकोले केही रकम छुट गराएर उपचारमा सहयोग गरेको डा यादवले जानकारी दिए ।

**यसरी हालियो मलद्वारमा बोतल**

२६ वर्षीय मन्सुरी टयाक्टर चलाएर गुजारा चलाउँदै आएका छन् । घरमा आमाबुबा, पत्नी र एक/एक जना छोराछोरीलाई सोही पेशाबाट पाल्दै आएका छन् । टयाक्टरमा केही समस्या आएको कारण उनी दुई किलोमिटर पर चोकतिर टयाक्टर बनाउन निस्केका र सोही बखत साथी नसीम भेट भएका थिए । नसीमसँग रहेका साथीहरूको आग्रहमा खोला किनारको खाजापसलमा गएको र सङ्गतमा मदिरासेवन गरी अचेत भएपछि साथीहरूले नै मदिराको बोतल मन्सुरीको मलद्वारमा छिराएको उनले बताए ।

साथीहरूले ग्यारेजसम्म पुऱ्याएका र त्यहाँबाट कसैगरी घर पुगेका मन्सुरीको पेट दुख्न शुरू भएको थियो । उनका बुबा नेवाजी मन्सुरीले पेट दुखेको औषधि दिएको तर आराम नभएपछि रौतहटको चन्द्रपुर अस्पतालमा भर्ना भएका थिए । त्यहाँ एक्स–रेबाट पेटमा बोतल देखिएको थियो ।

त्यसपछि बाराको नौतन गण्डकमा रहेको एलएस न्युरो अस्पतालमा गएका र चिकित्सकले शल्यक्रिया गर्न सुझाएपछि चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेज लगिएको र घटनाको ५८ घण्टापछि उनको पेटको शल्यक्रिया गरी बोतल निकालिएको थियो । तत्कालै शल्यक्रिया गरिएकोले बिरामीको ज्यान जोगाउन सफल भएको अस्पतालका चिकित्सकले बताए । नुर्सादलाई अस्पतालबाट डिस्चार्ज हुन २५ दिन लाग्यो ।

उनलाई यो अवस्थामा पुऱ्याउने गुजरा नपा–६ का २० वर्षीय नसीम खानविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको र अनुसन्धान सकेर जिल्ला न्यायाधिवक्ताको कार्यालयमा फाइल पठाइसकेको इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाले बताए ।

## दुर्गा मन्दिरको शिलान्यास

प्रस, पंचगावाँ, १६ चैत/


तस्वीरः प्रतीक

पटेर्वासुगौली गाउँपालिका–४ भतौडामा मधेस प्रदेश उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको सहयोगमा निर्माण हुने दुर्गा मन्दिरको जसपाका मधेस प्रदेश समितिका सदस्य दीपक यादवले शिलान्यास गरेका छन् ।

मधेस प्रदेश उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको रु १० लाखको लागतमा दुर्गा मन्दिर निर्माण हुन लागेको हो ।

कार्यक्रममा जसपाका क्षेत्रीय अध्यक्ष नागेन्द्र यादव, गापा कार्यसमिति अध्यक्ष प्रमोद उपाध्याय, वडा सदस्य शिवशङ्कर यादव, अम्बिका साह, सत्यदेव शर्मा, सुरज महतो, नन्दु पञ्जियार, गोपाल दहित, हातिम मियाँ, धीरेन्द्र गिरीलगायत सहभागी थिए ।

**मन्दिर भवनको शिलान्यास**

प्रस, पर्सागढी/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीस्थित राधाकृष्ण मन्दिरमा दुई कोठे भवनको नगरप्रमुख गोकर्ण पाठकले बिहीवार शिलान्यास गरेका छन् । वडास्तरीय बजेटबाट दुई लाख ५० हजार लागतमा दुई कोठे भवन निर्माण हुन लागेको हो । उनले निर्माण कार्यमा कमसल सामग्रीको प्रयोग हुने गरेको भनी गुनासा आउने गरेको भन्दै गुणस्तरीय सामग्री प्रयोग गर्न सुझाए । मन्दिर सबैको साझा सम्पत्ति भएको र यसको संरक्षणमा सबैले ध्यान दिनुपर्ने उनले



बताए । कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, मन्दिरका पुजारी रामप्रसाद पाठक, वडासदस्य रुस्तम हवारी, लक्ष्मण पाठकलगायतको सहभागिता थियो ।

### स्थापना दिवसमा ...

प्रतिष्ठानको तर्फबाट अक्षयकोषमा रु ५० हजार सहयोग गरेका थिए ।

कार्यक्रममा नेपाल प्रेस युनियनका रामनारायण कुर्मी, समाजवादी प्रेस सङ्गठनका मनोज पटेलले मन्तव्य व्यक्त गरेका थिए भने पूर्वअध्यक्ष शङ्कर खतिवडा, शत्रुघ्न नेपाललगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण उपाध्यक्ष युवराज खड्का र स्वागत कोषाध्यक्ष सञ्जीव मिश्रले गरेका थिए ।

### दन्त चिकित्सामा ...

गर्दै आएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पारोसम्बन्धी निर्णयबारे जानकार नहुने २६ दशमलव दुई प्रतिशत रहेको अध्ययनमा उल्लेख छ । झन्डै ९३ प्रतिशत स्वास्थ्य संस्थाले पारो (मर्करी)मुक्त थर्मोमिटरको प्रयोग गर्ने गरेका छन् । कुनै पनि स्वास्थ्य संस्थाले पारोयुक्त स्पोगेमोमानोमिटरको प्रयोग नगर्ने गरेको देखिएको हो ।

केन्द्रले अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै त्रिभुवन विश्वविद्यालय मातहतका मेडिकल कलेज र अस्पतालमा पारो प्रयोगमुक्त बनाउन सुझाव दिएको छ । केन्द्रका निर्देशक साहले विभिन्न स्वास्थ्य संस्था र विश्वविद्यालयमा भएका पारोयुक्त उपकरणलाई सबै ठाउँबाट सङ्कलन गरी मापदण्ड अनुसार व्यवस्थापन गर्न सुझाव दिएको छ ।

वन तथा वातावरण मन्त्रालयको सन् २०१९ को अध्ययन अनुसार स्वास्थ्य क्षेत्रबाट मात्रै वार्षिक दुई हजार ५९० किलोग्राम मर्करी वातावरणमा निष्कासित हुने गरेको देखाएको थियो । उक्त अध्ययन अनुसार देशभर वार्षिक १९ हजार ६१५ किलोग्राम मर्करी वातावरणमा फोहरका रूपमा निष्कासित हुने गरेको थियो । दन्त चिकित्सामा दाँत भर्नका लागि मर्करी अमलगमको अत्यधिक प्रयोग हुने गर्दथ्यो ।

पारोको प्रयोगले नसा, पाचन, रोग प्रतिरोधात्मक प्रणाली, फोक्सो, मिर्गौला, छाला र आँखामा गम्भीर असर गर्ने विभिन्न अध्ययनले देखाएको छ । एक दशकअघिसम्म औषधि र स्वास्थ्य उपकरणमा प्रयोग गरिंदै आएको मर्करी पछिल्लो अध्ययनले हानिकारक हुने देखाएपछि यसको प्रयोगलाई निरुत्साहित गरिंदै आइएको छ ।

स्वास्थ्य मन्त्रालयले १० वर्षअघि पारोयुक्त (मर्करी) उपकरणको आयात बन्द गर्ने निर्णय गरेको थियो । मन्त्रालयले गर्भवती तथा स्तनपान गराइरहेका तथा १५ वर्षमुनिका बालबालिकामा पारो प्रतिबन्ध लगाएको छ । अन्य उमेरको हकमा समेत विकल्प भएसम्म पारोको प्रयोग नगर्न भनिएको छ ।

### एसइईको तयारी ...

जनाएको छ ।

**जापानमा पनि परीक्षा केन्द्र**

बोर्डले यस वर्ष जापानमा पनि एसइई केन्द्र कायम गरेको छ । नेपालबाट रोजगारका सिलसिलामा जापान पुगेका नेपालीका १४ जना सन्तानले जापानबाटै परीक्षा दिने भएका छन् । जापान सरकारको अनुमतिमा नेपाली पाठ्यक्रममा अध्यापन हुने टोकियोको एक शैक्षिक संस्थाबाट जापानमा रहेका नेपाली एसइईमा सहभागी हुने परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको हो ।

त्यसका लागि बोर्डले जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको छ । जापानमा रहेका परीक्षार्थीका लागि बोर्डले आवश्यक उत्तरपुस्तिका जापान पठाइसकेको र प्रश्नपत्र भने परीक्षा शुरू हुनु केही समयअगाडि इमेलमार्फत पठाउने भएको छ ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

मधेस प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास इकाइ, वीरगंज
पर्सा, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७९।१२।१७

यस कार्यालयको आव २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयको तपसिलका ठेक्काहरूको लागि पेश भएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रहरू सारभूतरूपमा प्रभावग्राही ठहरिइ उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरीद ऐन २०६३ को दफा ३८ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरूको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरूका लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्रसं | बोलपत्र प्रकाशन मिति | ठेक्का नं (IFB No) | छनोट भएको बोलपत्रदाताको नाम | सबैभन्दा कम कबोल अङ्क (VAT सहित) | कार्यसम्पादन जमानत |
|---|---|---|---|---|---|
| १ | २०७९/१०/२३ | SDU/NCB/WORKS/2079/80/04 | अर्चना कन्स्ट्रक्सन, वीरगंज महानगरपालिका–१३, राधेमाई, पर्सा | १,३५,५२,४९०/१७ | २०,४७,१६६/०७ |

# एसइईमा पर्साबाट नौ हजार १६५ जना सहभागी

नितेश कर्ण, वीरगंज, १६ चैत/

भोलि शुक्रवारदेखि शुरू हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा पर्सा जिल्लाबाट नौ हजार १६५ जना परीक्षार्थी सहभागी हुने जिल्ला शिक्षा समन्वय एकाइ, पर्साका प्रमुख फत्तबहादुर श्रेष्ठले बताए।

एसइईमा पर्सा जिल्लाबाट नियमित तर्फ आठ हजार ५९०, प्राविधिक धारतर्फ १८५, एक्जाम्टेड र ग्रेड वृद्धितर्फ ३९० गरी कुल नौ हजार १६५ जना परीक्षार्थी रहेका प्रमुख श्रेष्ठले बताए।

जिल्लाका नेरामावि श्रीपुर वीरगंज, सिद्धार्थ मावि वीरगंज, शारदा मावि अलौं, नृसिंह मावि पिपरामठ वीरगंज, नेरामावि सोलखपुर, अल्पाइन मावि वीरगंज, रामचरित्र भगत मावि पकाहामैनपुर, मङ्गल मावि भिस्वा छिपहरमाई, बितो महतो जनता मावि जीतपुर जीराभवानी, मावि विजयबस्ती ठोरी, देवनन्दन देवराज मावि रामनगरी बहुदरमाई, नेपाल रेलवे मावि गोश्वारा रोड वीरगंज, सुरुजीदेवी मावि मुर्ली वीरगंज, रामचरित्र साह पन्नालाल मावि वीरगंज, नेपाल राष्ट्रिय मावि बर्वाछटौली पर्सागढी, नेपाल राष्ट्रिय मावि बडेर्वा पर्सागढी, दीपनारायण मावि औराहा पंचगावाँ, राधाकृष्ण चौरसिया मावि



बहुअर्वाभाठा, नेरामावि मसिहानी जगरनाथपुर, जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि पोखरिया, त्रिजुद्ध महावीरप्रसाद रघुरवीरराम मावि बिर्ता वीरगंज, सुन्दरमल रामकुमार कन्या मावि वीरगंज, त्रिभुवन हनुमान मावि वीरगंज, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नगवा, माईस्थान विद्यापीठ वीरगंजमा एसइईको केन्द्र रहेको प्रमुख श्रेष्ठले जानकारी गराएका छन्।

# पर्सागढीका किसानलाई अनुदानमा उपकरण

प्रस, पर्सागढी, १६ चैत/

पर्सागढी नगरपालिका कार्यालयले



तस्वीरः प्रतीक

वडा नं ४ का मकै किसानहरूलाई कृषि उपकरणहरू अनुदानमा उपलब्ध गराएको छ।

नपाको आर्थिक सहयोगमा सुशासन साना किसान सहकारी संस्था लिमिटेडले बिहीवार कार्यक्रम आयोजना गरी वडाको मकै ब्लक कार्यक्रमका किसानहरूलाई कृषि औजारसहितका विभिन्न उत्पादनहरू पचास प्रतिशत अनुदानमा वितरण गरेको थियो।

संस्थाकी अध्यक्ष अञ्जु चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख गोकर्ण पाठकले ८० जना किसानलाई अनुदानका सामान वितरण गरेका थिए। सो अवसरमा उनले किसानहरूको मनोबल बढाउन अनुदानमा कृषि उपकरणहरू उपलब्ध गराएको बताए।

किसानले प्राप्त गरेका उपकरणको प्रयोगबाट कृषिउपज बढाउन सक्ने उनले विश्वास व्यक्त गरे। उनले किसानहरूको मनोबल बढाउने गरी आगामी दिनमा पनि नगरपालिकाले सहयोगलाई निरन्तरता प्रदान गर्ने प्रतिबद्धता जाहेर गरे। उनले आगामी नगरसभाअगावै वडाका सचिवहरूले किसानहरूसँग रायसल्लाह गरी आवश्यक क्षेत्रमा थप अनुदान प्रदान गर्ने बताए। उनले नगरका गर्भवती महिलाहरूको पनि घरघरमा पुगेर स्वास्थ्यकर्मीमार्फत सेवा प्रदान गर्ने कार्यक्रम रहेको जानकारी गराए।

यसैगरी, शैक्षिक सुधारका लागि पनि नगरपालिकाले काम शुरू गरेको बताए। उनले नगरपालिकाभरि २५ जना शिक्षकको दरबन्दी बाँकी रहेकामा १९ जनाको व्यवस्थापन गरिसकेको र बाँकी छवटाको पनि व्यवस्थापन गरिने बताए। उनले नगरपालिकाका केही विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून रहेको बताउँदै त्यस्ता विद्यालयलाई समाहित गरिने बताए। कार्यक्रममा कृषि शाखा प्रमुख झर्ना क्षेत्री, प्राविधिक शिवपूजन चौधरी, राजकुमार खड्कालगायतको सहभागिता थियो।


**चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं।**

**चट्याङबाट बच्न**

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रूखमुनि नबस्ने
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने
- खुला मैदानमा नबस्ने
- धातुबाट बनेका तारबार नजिक नबस्ने

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने
- घरबाट बाहिर ननिस्किने
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

प्रस, पर्सागढी, १६ चैत/

पर्सागढी नगरपालिका-३ स्थित जनता माध्यमिक विद्यालय, पकडिया



बडनिहारमा मधेस प्रदेश सामाजिक विकास मन्त्रालयको सहयोगमा शैक्षिक सामग्री वितरण गरिएको छ।

नगरप्रमुख गोकर्ण पाठकले कक्षा ९ का विद्यार्थीहरूको लागि आएका शैक्षिक सामग्रीहरू ब्याग, औजार बक्स वितरण गर्दै सुरक्षित राख्न सुझाए। उनले अध्ययनको बखत मात्र शैक्षिक सामग्रीप्रति चिन्ता राख्ने र त्यसपछिका समयमा लापरवाह हुने गरिएकाले सामानको सुरक्षा नहुने गरेको भन्दै शैक्षिक सामग्रीहरूको सुरक्षा गर्न विद्यार्थीलाई सुझाएका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रधानाध्यापक मोहन चौधरी, विद्यालयका संस्थापक ब्रह्मदेव चौधरी, वडासदस्य सर्बद चौधरी, शिक्षक नागेश्वर मुखियालगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## जगदम्बा जीतपुरसिमरा गोल्डकपः चर्च ब्वाइज फाइनलमा

प्रस, वीरगंज, १६ चैत/

सिमरामा जारी १३औं जगदम्बा जीतपुरसिमरा गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा चर्च ब्वाइज युनाइटेडले एनआरटीलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ।

आज भएको खेलमा चर्च ब्वाइज युनाइटेडका अफ्रिकी खेलाडी ओउसे बेम्पा र रञ्जीत पाण्डेले एक/एक गोल गरेका थिए। प्रतियोगिताको फाइनल खेल शनिवार चर्च ब्वाइज युनाइटेड र हिमालयन शेर्पाबीच हुने आयोजक कमिटीका सदस्य सुनील गाउँलेले बताए।

फाइनल खेलमा प्रमुख अतिथि उपराष्ट्रपति रामसहाय यादव हुने तय भएको उनले जानकारी गराएका छन्। प्रतियोगितामा विजयी टीमलाई १० लाख नगद, उपविजेतालाई पाँच लाख ५० हजार नगदसहित शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिनेछ।

खेलमा सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल र उत्कृष्ट गोलकीपर, फिल्डर, फरवार्ड र प्रशिक्षकलाई जनही २०/२० हजार रुपियाँबाट पुरस्कृत गरिने सदस्य गाउँलेले बताए।

## जिपी कोइराला गोल्डकपः वीरगंज युथ एकेडेमी फाइनलमा

प्रस, वीरगंज, १६ चैत/

स्व गिरिजाप्रसाद कोइरालाको १३औं स्मृति दिवसको अवसरमा जिपी कोइराला फाउन्डेशनले आदर्शनगर रङ्गशालामा



तस्वीरः प्रतीक

आयोजना गरेको दोस्रो प्रदेशस्तरीय गिरिजाप्रसाद कोइराला फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा संयुक्त युवा क्लब, धनुषालाई पराजित गर्दै वीरगंज युथ एकेडेमी फाइनलमा प्रवेश गरेको छ।

आज भएको खेलमा वीरगंज युथ एकेडेमीले मध्यान्तरअघि दुई गोल गरेको थियो भने मध्यान्तरपछि धनुषाले एक गोल मात्र फर्काउन सक्यो।

वीरगंज युथ एकेडेमीका कृष्ण शाक्य र सुजन डङ्गोलले एक/एक गोल गरे भने धनुषाका अमन लामाले एक गोल गरेका थिए।

मधेस विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्य, सिटिजन बैंकका प्रदेश प्रमुख दिवससिंह ठकुरी र लक्ष्मी बैंकका शाखा प्रबन्धक रोहिणी आचार्यले रेफरीलाई फूटबल हस्तान्तरण गरेर खेलको शुभारम्भ गरेका थिए।

फाइनल खेल शनिवार हुनेछ। फाइनलमा बारा-११ र आजको विजेता वीरगंज युथ एकेडेमी भिड्नेछन्।

## राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि एपिएफलाई

काठमाडौं, १६ चैत/रासस

ललितपुर मेयर्स कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बलको एपिएफ क्लबले जितेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बिहीवार भएको फाइनलमा एपिएफले कोशी प्रदेशलाई ५४ रनले पराजित गर्दै उपाधि जितेको हो।

एपिएफले लगातार तेस्रोपटक उपाधि जितेको हो। एपिएफले यसअघिका दुई संस्करणमा सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै उपाधि जितेको थियो।

आजको खेलमा एपिएफले जीतका लागि दिएको १५५ रनको विजयी लक्ष्य पछ्याएको कोशीले २० ओभर छ विकेट क्षतिमा एक सय रन मात्रै बनाउन सक्यो।

कोशीका लागि कप्तान रूविना क्षेत्रीले सर्वाधिक ३५ रन बनाइन् भने ललिता राजवंशीले अविजित २१ रन बनाइन्। त्यस्तै, अप्सरी बेगमले १० रन बनाउँदा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

एपिएफका लागि बिनु बुढामगरले दुई विकेट लिइन् भने सोनु खड्का, नेरी थापा र रेखा रावलले समान एक/एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा एक विकेट गुमाउँदै १५४ रन बनाएको थियो। एपिएफका लागि कप्तान सीता रानामगरले अविजित ७९ रन बनाइन् भने इन्दु बर्मा ५१ रनमा अविजित रहिन्। कोशीका लागि एकमात्र विकेट अलिशा खडियाले लिइन्। प्रतियोगिता यही चैत ९ गतेदेखि शुरू भएको थियो।

# स्थापना दिवसमा प्रभातफेरी, पुरस्कार वितरण

प्रस, वीरगंज, १६ चैत/



तस्वीरः सौजन्य

नेपाल पत्रकार महासङ्घको ६८औं स्थापना दिवसको अवसरमा बिहीवार नेपाल पत्रकार महासङ्घ पर्सा शाखाले प्रभातफेरी र पुरस्कार वितरण समारोह सम्पन्न गरेको छ।

दिवसको अवसरमा घण्टाघरबाट प्रभातफेरी निकाली नगरपरिक्रमा गरी नेपाल पत्रकार महासङ्घ पर्सा शाखाको कार्यालयमा गएर समापन भएको थियो।

दिवसको अवसरमा आज स्व नरेश




तस्वीरः प्रतीक

सर्राफ स्मृति पत्रकारिता पुरस्कार वितरण गरिएको थियो। हालै हृदयघातबाट मृत्यु भएका स्व सर्राफको स्मृतिमा शाखाले स्थापना दिवसमा पुरस्कार वितरण गर्ने घोषणा गरेअनुरूप पत्रकार राजेन्द्रसिंह नेपाली राजपूतलाई पुरस्कृत गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले १० हजार नगद, प्रमाणपत्रबाट पत्रकार राजपूतलाई पुरस्कृत गरेका थिए।

सो अवसरमा प्रजिअ रेग्मीले शाखाले सदस्यको सम्झनामा पुरस्कार वितरण गरेकोमा सराहना गरे। उनले पत्रकारिता पेशामा लागेकालाई पुरस्कृत गरेकामा बधाई पनि दिए।

नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य एवं नगरप्रमुखका प्रेस सल्लाहकार महेश दासले महानगरको सहयोगमा अक्षयकोष स्थापना हुने र बर्सेनि महासङ्घको स्थापना दिवसको अवसरमा एकजनालाई पुरस्कृत गर्ने शाखाको निर्णयको स्वागत गरे। उनले पत्रकारिता क्षेत्रको विकासको लागि महानगरले निरन्तर सहयोग गर्ने बताए।

शाखा अध्यक्ष अनुप तिवारीले पुरस्कारको लागि महानगरपालिकाले १० लाखको अक्षयकोष स्थापना गर्ने घोषणा गरेको र कोषलाई १५ लाखको बनाइ स्व. सर्राफका छोरी र पत्नीको पालनपोषण र शिक्षामा अक्षयकोषबाट आउने ब्याजको ८० प्रतिशत रकम सहयोग गर्ने र बाँकी रकमबाट पुरस्कार वितरण गर्ने जानकारी गराए।

सो अवसरमा रजिया स्मृति प्रतिष्ठानका अध्यक्ष तबरेज अहमदले

(बाँकी पाँचौं पातामा)